

**लोक मान सिंह कार्की**

प्रमुख आयुक्त



**केशवप्रसाद बराल**

आयुक्त

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

काठमाडौं, नेपाल

हाम्रो चाहना : स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना




## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# चौबीसौं वार्षिक प्रतिवेदनको सारांश

## आ.व. २०७०/२०७१

सदाचार

निष्पक्षता

निर्भीकता

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

काठमाडौं, नेपाल

# प्रतिवेदनको कार्यकारी सारांश

नेपालको अन्तरिम संविधान, २०६३ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचारजन्य कसुर र अनुचित कार्य नियन्त्रणका लागि एक स्वतन्त्र र संवैधानिक निकायको रूपमा स्थापित गरी विभिन्न काम, कर्तव्य र अधिकारहरूको व्यवस्था गरेको छ। अन्तरिम संविधानले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारको परिधिभित्र रही आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अन्य सम्बद्ध कानुनको आधारमा कार्यसम्पादन गर्दै आएको छ। भ्रष्टाचारजन्य गतिविधि र अख्तियारको दुरुपयोग जस्ता क्रियाकलापहरू नियन्त्रण गरी मुलुकभित्र सुशासनको प्रत्याभूति गराउने राज्यको बृहत् उद्देश्यमा योगदान पुऱ्याउन आफ्नो कार्यसम्पादनका क्रममा आयोगले विभिन्न उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिहरू अवलम्बन गर्दै आएको छ। आयोगलाई तोकिएको यो बृहत् जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा आयोगबाट आ.व. २०७०।७१ मा भएको कार्यसम्पादनलाई समेटी अन्तरिम संविधानको धारा १२१ मा भएको व्यवस्था बमोजिम यो चौबीसौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

विगतमा केन्द्रमा मात्र सीमित आयोगको संरचनालाई विस्तार गरी संवत् २०७० साल आश्विन १ गतेदेखि देशका पाँचवटै विकास क्षेत्रहरूमा आयोगका क्षेत्रीय कार्यालयहरू स्थापना भई सञ्चालनमा आएका छन्। त्यसैगरी आयोगमा नागरिकको पहुँचलाई सहज र सरल बनाउने र स्थानीयस्तरमा प्रवाहित सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले क्षेत्रीय कार्यालयहरू अन्तर्गत पाँचवटा सम्पर्क कार्यालयहरू समेत स्थापना भई कार्यान्वयनमा आएका छन्। अत: यस प्रतिवेदनमा आयोगको केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयहरूबाट आ.व.२०७०।७१ मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। प्रतिवेदनमा मूलतः भ्रष्टाचार र अनियमित क्रियाकलापहरू नियन्त्रण गर्ने दिशामा आयोगले अवलम्बन गरेका रणनीति अन्तर्गत एक आर्थिक वर्षमा सम्पन्न गरेका कार्यहरूलाई समावेश गरिएको छ। यसका अतिरिक्त आयोगमा वर्षभरि परेका उजुरी र ती उजुरीहरू उपर भएको कारबाहीको विवरण पनि प्रतिवेदनमा प्रस्तुत गरिएको छ। कारबाहीको विवरण अन्तर्गत तामेली वा मुल्तबीमा राखिएका, सचेत गराइएका, विभागीय कारबाही वा अन्य कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएका र विशेष अदालतमा मुद्दा दायर भएका विषयहरूको विवरण समाविष्ट छ। त्यसैगरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका क्षेत्रमा आयोगका तर्फबाट भएका पहलकदमी र उपलब्धिका साथै आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरूलाई समेत प्रतिवेदनले समेटेको छ।

आ.व. २०७०।७१ मा आयोगको केन्द्र र क्षेत्रीय कार्यालयहरूमार्फत विभिन्न माध्यमबाट कुल २२,६०२ उजुरीहरू प्राप्त भएकोमा सो मध्ये कुल १२,८९२ उजुरीहरू फछ्र्यौट भएका छन्। फछ्र्यौट भएकाहरूमध्ये ६,१८५ उजुरीहरू प्रारम्भिक अनुसन्धानबाट तामेलीमा राखिएको, ८९० उजुरीहरूमा विस्तृत अनुसन्धान गर्ने निर्णय भएको र ५,८१७ उजुरीहरूमा विभिन्न किसिमको कारबाही भएको छ। आयोगमा परेका उजुरी र फछ्र्यौटको अवस्थालाई अघिल्लो वर्षसँग तुलना गर्दा आ.व. २०६९।७० मा कुल उजुरीहरूको संख्या ११,२९८ रही ६,६७२ उजुरीहरू फछ्र्यौट भएकोमा आर्थिक वर्ष २०७०।७१ मा उजुरी फछ्र्यौटको सङ्ख्या अघिल्लो वर्षको कुल उजुरीको सङ्ख्याभन्दा पनि बढी छ र यस अवधिमा आयोगको केन्द्रीय कार्यालयको प्रगति करिब ६८ प्रतिशत हुन पुगेको छ।

आयोगका क्षेत्रीय कार्यालयहरू २०७० साल आश्विन १ गतेदेखि मात्र स्थापना गर्ने निर्णय भई ती निकायहरूलाई आवश्यक भवन, भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्था गरी क्रियाशील बनाउन केही समय लाग्न गएकोले क्षेत्रीय कार्यालयहरूको कार्यसम्पादनले तत्कालीन अवस्थामा अपेक्षित गति लिन नसके पनि पछिका दिनहरुमा क्रमशः ती कार्यालयहरूको कार्यसम्पादन समेत

उपलब्धिमूलक र सन्तोषजनक देखिन थालेको छ। आ.व. २०७०।७१ मा आयोगका क्षेत्रीय कार्यालयहरूतर्फको उजुरी फछ्र्यौटको अवस्था हेर्दा पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा कुल उजुरी संख्या १,३५८ रहेकोमा २८५ उजुरीहरू फछ्र्यौट भएका छन्। त्यसैगरी मध्यमाञ्चलमा पर्न आएका कुल २,१०३ उजुरीमध्ये ८१८ उजुरीहरू फछ्र्यौट भएका र पश्चिमाञ्चलमा कुल ८१७ उजुरीमध्ये २६२ उजुरीहरू फछ्र्यौट भएका छन्। सोहीबमोजिम मध्यपश्चिमाञ्चलमा कुल १,०६४ उजुरीहरूमध्ये २८० र सुदूरपश्चिमाञ्चलमा ७४९ उजुरीमध्ये २३३ उजुरीहरू फछ्र्यौट भएका छन्।

यस आर्थिक वर्षमा जम्मा ६५२ जना व्यक्तिलाई प्रतिवादी बनाई कुल १६८ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको छ,। प्रतिवादी बनाइएका ६५२ जनामध्ये पुरुषको संख्या ६०० र महिलाको संख्या ५२ रहेको छ। अदालतमा दायर गरिएका मुद्दाहरूलाई विषयगत आधारमा हेर्दा नक्कली लिखत तथा शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ८०, भूमिसम्बन्धी १०, घूस रिसवतसम्बन्धी २१ र सार्वजनिक खरिद तथा निर्माणसँग सम्बन्धित १२ वटा मुद्दा रहेका छन्। त्यसैगरी गैरकानुनी लाभ हानिसम्बन्धी ३९, गैरकानुनी सम्पत्तिसम्बन्धी २, राजस्व हिनामिनासम्बन्धी २ र जाली राहदानी सम्बन्धी २ वटा मुद्दा पनि यस आर्थिक वर्षमा दायर गरिएका छन्।

आयोगमा दर्ता भएका उजुरीहरूमध्ये क्षेत्रगत आधारमा सबैभन्दा बढी उजुरी शिक्षा क्षेत्रसँग सम्बन्धित २,९०० वटा (करिब १३ प्रतिशत) छन्। त्यसपछि क्रमशः संघीय मामला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धित १,८५७ (करिब ८ प्रतिशत), भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सम्बन्धित १,२९२ (करिब ६ प्रतिशत) र गृह मन्त्रालयसँग सम्बन्धित १,०१० (करिब ४ प्रतिशत) उजुरीहरू रहेका छन्। त्यसैगरी अर्थ मन्त्रालयसँग सम्बन्धित उजुरीको सङ्ख्या ८९० (करिब ४ प्रतिशत) छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित उजुरीहरू ७६८ (करिब ३ प्रतिशत) रहेका छन्। यस बाहेक आयोगमा सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धानतर्फ २,४६९ (करिब ११ प्रतिशत) र शैक्षिक प्रमाणपत्र छानबिनतर्फ १,१९० (करिब ५ प्रतिशत) उजुरीहरू पर्न आएका छन्।

आ.व.२०७०।७१ मा आयोगबाट अभियोजन गर्न निर्णय भएका मुद्दाहरूमा जम्मा रु. १ अर्ब ६६ करोड २४ लाख ९० हजार ७ सय ८९ रुपैयाँ बिगो माग दाबी लिइएको छ। आ.व. २०६९।७० मा कुल ९३ मुद्दा विशेष अदालतमा दायर भई रु. ५३ करोड ७० लाख ९ हजार ३ सय ६६ रुपैयाँ ४४ पैसा बिगो मागदाबी लिइएको थियो।

यस आर्थिक वर्षमा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी सार्वजनिक संस्था वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएकोमा आयोगका निर्णयहरूबाट भरिभराउ भएको रु. ६ करोड २६ लाख ४० हजार ७ सय ३४ रुपैयाँ ५१ पैसा रहेको छ। त्यसैगरी अनुसन्धानका क्रममा असुल उपर भएको रु.२५ करोड ६१ लाख ६ हजार ७ सय ९५ रुपैयाँ ९६ पैसा र असुल उपरका लागि लेखी पठाइएको रु.७ करोड ६० लाख ८५ हजार ४९ रुपैयाँ २४ पैसा समेत गरी रु. ३९ करोड ४८ लाख ३२ हजार ५ सय ७९ रुपैयाँ ७१ पैसा असुल उपर सम्बन्धी कारबाही भएको छ। जबकि आ.व.२०६९।७० मा आयोगको निर्णयबाट कुल रु. ४ करोड ३७ लाख ७४ रुपैयाँ र ७७ पैसा असुल उपरसम्बन्धी कारबाही भएको थियो। आ.व. २०७०।७१ मा आयोगको निगरानी एवं आन्तरिक राजस्व विभाग तथा कार्यालयहरूको विशेष पहलमा बक्यौता आयकर र मूल्य अभिवृद्धि कर समेत गरी रु. ६ अर्ब ७ करोड ६ लाख रुपैयाँ असुल उपर सम्बन्धी कारबाही भएको छ।

यस अवधिमा आयोगबाट भएको कारबाही र पहलस्वरूप उपत्यकाभित्रको ५२-४-२-२ रोपनी र उपत्यका बाहिरको १६०-१०-२-२ रोपनी गरी कुल २१२-१५-१-० रोपनी जग्गा नेपाल सरकारको नाममा कायम गर्न निर्णय भई लेखी पठाइएको थियो भने यसै आर्थिक वर्षभित्र उपत्यकाको ३३-१-१-१ रोपनी र उपत्यका बाहिरको १३-१-०-१ रोपनी गरी कुल ४६-२-१-२ रोपनी जग्गा नेपाल

सरकारको नाममा कायम भई आएको छ ।

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७०।७१ मा ९८ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । दायर गरिएका मुद्दाहरूमध्ये करिब ८० प्रतिशतमा आयोगलाई सफलता प्राप्त भएको छ र असफल भएका १९ वटा मुद्दाको फैसलाहरू उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ ।

**अनुसन्धान तहकिकातको क्रममा देखिएका प्रमुख विषय तथा क्षेत्रसँग सम्बन्धित भ्रष्टाचारजन्य कार्यको प्रकृति र स्वरूप**

प्रतिवेदन अवधिमा आयोगबाट भएको छानबिन, अनुसन्धान र अनुगमनको क्रममा सार्वजनिक निकायबाट कार्यसम्पादन गर्दा विभिन्न किसिमका अनियमितता र कमीकमजोरीहरू हुने गरेको पाइएको छ । यस सन्दर्भमा सार्वजनिक सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित महत्वपूर्ण क्षेत्रहरूमा देखिएका भ्रष्टाचारजन्य र अनियमित कार्यको प्रकृति र स्वरूप देहाय बमोजिम रहेको पाइएको छ

**(क) अध्यागमन तथा वैदेशिक रोजगारी**

मुलुकको कुल जनसंख्याको ५० प्रतिशतभन्दा बढी जनसंख्या आर्थिक रूपमा सक्रिय भए पनि उचित रोजगारीका अवसरको अभावमा त्यस्तो जनशक्ति स्वदेशमै उपयोग र परिचालित हुन सकेको छैन । यसबाट एकातर्फ मुलुकको उत्पादनशील जनशक्ति विदेशमा गई विषम परिस्थितिमा काम गर्न बाध्य छ भने वैदेशिक रोजगार प्रणाली व्यवस्थित हुन नसक्दा सामाजिक न्याय र आर्थिक समुन्नतिमा अपेक्षित टेवा पुग्न सकेको पनि छैन । दक्षता र क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारीमा पठाउने सरकारी नीतिको कार्यान्वयन प्रभावकारी नहुँदा वैदेशिक रोजगारीमा गएकाहरूले जीउ धन नै जोखिममा राखी न्यून पारिश्रमिकमा काम गर्नुपरिरहेको अवस्था विद्यमान छ ।

रोजगार व्यवसायीहरूबाट वैदेशिक रोजगारीका लागि कामदारहरू पठाउँदा कामदारको आवश्यकतासम्बन्धी नक्कली मागपत्र तयार गरी पठाउने गरेका कारण ठूलो संख्यामा नेपालीहरू विदेशमा पुगी बिचल्लीमा पर्ने गरेका छन् । रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने, नक्कली करार पत्र तयार गर्ने र निर्धारित शर्त र कानुनी व्यवस्थाको परिपालना नगरी अनुचित लाभ लिने प्रवृत्ति बढेर गएको छ । त्यसैगरी कर्मचारी र व्यवसायीहरूको मिलोमतोमा नेपालीहरूको नागरिकता तथा पासपोर्ट प्रयोग गरी विदेशी नागरिकहरूलाई वैदेशिक रोजगारीमा पठाउने गरेको पनि भेटिएको छ । सम्बन्धित निकायले व्यक्तिगत श्रम स्वीकृतिको नाममा अनियमित तवरले स्वीकृति दिने र बदनियतपूर्ण निर्णयका अभिलेख र कागजातहरू लुकाउने, छिपाउने वा नष्ट गर्ने गरेको पाइएको छ ।

अध्यागमन अन्तर्गत सेटिङ खडा गरी विधिवत भिसा र पासपोर्ट नभएका वा नक्कली कागजात भएका मानिसहरूलाई पनि अध्यागमन अनुमति प्रदान गरी नाजायज फाइदा लिने गरेको पाइएको छ । भिजिट भिसा लिई विदेश जाने नेपालीहरूलाई अध्यागमन अनुमति दिंदा अनावश्यक झन्झट लगाउने र अनुमति दिएबापत कर्मचारीहरूबाट रकम असुली गर्ने गरेको समेत पाइएको छ । त्यसैगरी कतिपय अवैध व्यवसाय र व्यापारमा संलग्न व्यक्तिहरूसँग साँठगाँठ गरी उनीहरूलाई विदेश जान आउन सहजीकरण गर्ने र त्यसबाट कर्मचारीहरूले नाजायज फाइदा र आर्थिक लाभ समेत लिने गरेको पाइएको छ ।

**(ख) जलस्रोत**

जलस्रोतको बहुपक्षीय उपयोग र जलविद्युत् उत्पादनको प्रचुर सम्भाव्यता हुँदाहुँदै पनि जलस्रोत उपयोगका लागि दीर्घकालीन र प्रभावकारी नीति तर्जुमा भई कार्यान्वयन हुन नसक्दा मुलुकमा जलस्रोतको विकासको गति सुस्त देखिएको छ। जलविद्युत् उत्पादन, वितरण र प्रसारण लाइनको विस्तारका लागि पर्याप्त रूपमा आन्तरिक र बाह्य लगानी परिचालन हुन सकेको छैन। एकातर्फ आम उपभोक्ताहरू वर्षौंदेखि लोडसेडिङको मार खेप्न बाध्य छन् भने पर्याप्त विद्युतशक्तिको अभावमा औद्योगिकीकरणको प्रक्रिया समस्याग्रस्त बनेको छ। जलविद्युत् उत्पादनका लागि लाइसेन्स प्राप्त गरी लामो समयसम्म ओगटी राख्ने र सम्झौताका शर्तहरू पालना नगर्ने प्रवृत्ति हावी हुँदै गएको छ। सुरक्षित विद्युत् परिवहन तथा वितरण प्रणालीलाई असर पर्ने गरी भारवहन क्षमता धान्न नसक्ने न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गर्ने र सो बापत सीमित व्यक्तिहरूले नाजायज फाइदा लिने जस्ता विकृति पनि देखिएका छन्। जलविद्युत् उत्पादनसम्बन्धी विद्यमान कानुनको परिपालनामा उदासीनता देखाउने र अनियमितताहरू ढाकछोप गर्ने प्रवृत्ति मौलाउँदै गएको छ।

**(ग) पर्यटन तथा हवाई सेवा**

मुलुकभित्र पर्यटन विकासको यथेष्ट सम्भावना भए पनि पूर्वाधारको समुचित विकास हुन नसक्दा पर्यटन क्षेत्रले देशको आर्थिक विकासमा अपेक्षित योगदान पुऱ्याउन सकेको छैन। पर्वतारोहण, पदयात्रा, साहसिक पर्यटन, पर्या पर्यटन र ग्रामीण पर्यटनका क्षेत्रहरूमा न्यूनतम पूर्वाधारको अभाव देखिएको छ। त्यसैगरी धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरू र प्राचीन स्मारकहरूको समुचित संरक्षण र सम्बर्द्धन हुन सकेको पनि छैन। यसको अलावा मुलुकभित्र विद्यमान पर्यटकीय सभ्याव्यताका क्षेत्रहरू बारे अन्तर्राष्ट्रियस्तरमा उचित किसिमले प्रचार प्रसार गरी पर्यटन विकासका सम्भावनाहरूलाई उजागर गराउन पर्याप्त रूपमा प्रयास भएको देखिंदैन। पर्यटन उद्योगको प्रवर्द्धन गर्ने र पर्यटकीय सेवा उपलब्ध गराउने जिम्मेवारी भएका निकायहरूमै विभिन्न किसिमका अनियमितता र विकृतिहरू पाइएका छन, जसले गर्दा समग्र पर्यटन क्षेत्र नै संकटग्रस्त बन्न सक्ने अवस्था देखिएको छ। विभिन्न सरकारी निकायहरूबीचको समन्वय कमजोर हुँदा सुरक्षित पर्यटकीय सेवाको प्रत्याभूति गराउन समेत कठिनाइ भएको देखिन्छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दुरावस्था र कमजोर क्षमताका कारण यसले वर्तमान हवाई सेवाको विस्तार र चापलाई धान्न सकेको छैन। यसबाट नेपालको हवाई सेवा जोखिमपूर्ण पनि बन्दै गएको छ। नेपाल वायु सेवा निगमको संस्थागत क्षमता क्रमशः ह्रास हुँदै गएबाट यसको प्रतिस्पर्धात्मक क्षमता समेत कमजोर हुँदै गएको छ। यसैको परिणामस्वरूप निजी क्षेत्रका वायु सेवाहरूले ठूलो नाफा आर्जन गरिरहँदा पनि नेपाल वायु सेवा निगम भने आर्थिक रूपमा समस्याग्रस्त बनेको छ। निगमको व्यवस्थापन र सञ्चालनमा देखिएका विद्यमान चुनौती र समस्याको समयमै सम्बोधन नगर्ने हो भने निगम धराशायी हुने खतरा पनि देखिएको छ।

**(घ) वन तथा खानीजन्य स्रोत साधन**

सरकारी वनजंगलको अतिक्रमण, वन फडानी वा विनाश र चुरे क्षेत्रको वनको अतिक्रमण जस्ता कुराहरू अहिले प्रमुख समस्याका रूपमा देखिएका छन्। वनक्षेत्रको उचित संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले वर्गीकरण गरिएको राष्ट्रिय वन, कबुलियती वन तथा सामुदायिक वन क्षेत्रको संरक्षण र उपयोगमा पर्याप्त ध्यान पुग्न सकेको देखिंदैन यसले गर्दा वन क्षेत्र र

वनजन्य उत्पादन दिनानुदिन ह्रास हुँदै गएको पाइएको छ । त्यसैगरी गैरकानुनी रूपमा काठ र वनजन्य वस्तुहरूको तस्करी गर्ने र निषेधित काठ तथा काठजन्य पदार्थको चोरी निकासी पैठारी गर्ने प्रवृत्तिमा पनि कमी आएको देखिँदैन । आयोगका अनुसन्धानहरूबाट कर्मचारी र उपभोक्ता समूहका पदाधिकारीहरूको प्रत्यक्ष संलग्नतामा वनको मौज्दात र कटानका लागि स्वीकृति प्राप्त परिमाणमा फेरबदल गरी त्रुटिपूर्ण कार्ययोजना तयार गर्ने र अत्यधिक परिमाणमा कटान आदेश दिने जस्ता क्रियाकलापहरू हुने गरेको पाइएको छ । अनियमित रूपमा कटान गरेका काठको झुटा लगत तयार गरी स्वीकृत गर्ने एवम् चिम्नी भट्टा, सःमिल र फर्निचर उद्योग वनक्षेत्रबाट निश्चित दूरीमा मात्र स्थापना गर्न दिनुपर्नेमा त्यस्ता शर्तको पालना नगरिएका अवस्थाहरू पनि अनुसन्धानबाट देखिएका छन् ।

एकातिर इजाजत नलिई वा अनधिकृत रूपमा नदी र खोलाहरूबाट अत्यधिक गिट्टी र बालुवा झिक्ने र निकासी गर्ने गरेको पाइएको छ भने कतिपय सन्दर्भमा सरकारी निर्णय र निर्देशनको बेवास्ता गरी खानीबाट अनियमित रूपमा ढुंगा निकाली निकासी गर्ने गरेको पनि देखिएको छ । खानी सञ्चालन गर्ने लाइसेन्स लिई समयमा उत्पादन नगर्ने तर लामो समयसम्म लाइसेन्स ओगटी राख्ने प्रवृत्ति मौलाउँदै गएका कारण सिमेण्ट, क्लिङ्कर लगायतका नेपालमै उत्पादन हुन सक्ने वस्तुहरूका लागि पनि विदेशसँग भर पर्नुपर्ने अवस्था विद्यमान छ ।

### (ङ) भूमि प्रशासन

मालपोत कार्यालयहरूले विभिन्न प्रकृतिका जग्गाको विवरण र अभिलेख चुस्त, दुरुस्त र अद्यावधिक नतुल्याउँदा निजी र सार्वजनिक जग्गाको संरक्षण र उपयोगमा विकृति र विसंगतिहरू देखिएका छन् । श्रेस्तामा वास्तविक जग्गाधनीको नाम थर र अन्य विवरण सच्याई नक्कली जग्गाधनी कायम गराउने, रोक्का भएको जग्गा नभिडाई वा रोक्का भएको थाहा हुँदाहुँदै पनि रोक्का छैन भनी प्रमाणित गरिदिने र सोही बमोजिम रजिष्ट्रेसन पास गरिदिने गरेको पाइएको छ । यसैगरी फिल्ड बुकमा पर्ती, जंगल वा बुट्यान जनिएको जग्गा र सरकारी, सार्वजनिक वा गुठीको जग्गा समेत व्यक्तिका नाममा दर्ता गरिदिने गतिविधिहरू देखिएका छन् । जग्गा नामसारी गर्दा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी कुनै अंशियारको हकमा असर पर्ने गरी नामसारी गरिदिने, कुनै कारणले नेपाल सरकारको नाममा आउनुपर्ने जग्गा अनधिकृत व्यक्तिका नाममा दर्ता गरिदिने र रजिष्ट्रेसन पारित गर्दा जग्गाको न्यूनतम मूल्यांकनभन्दा कम मूल्य राखी पारित गराउने र राजस्व मस्यौट गर्ने जस्ता प्रवृत्तिहरू पनि देखिएका छन् ।

समय समयमा गठन हुने सुकुम्बासी समस्या समाधान आयोगले स्पष्ट र पारदर्शी आधार तयार गरी सुकुम्बासीहरूलाई जग्गा वितरण गर्नुपर्नेमा त्यसो हुन नसक्दा वास्तविक सुकुम्बासीहरू लाभान्वित हुन नसकेको अवस्था विद्यमान छ । भूमिसम्बन्धी कानुनमा व्यवस्था भए बमोजिम जग्गाको हदबन्दी लागू गर्ने सरकारको नीति पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । साथै हदबन्दीभन्दा बढी जग्गा भएका व्यक्तिहरूले वास्तविक जग्गाधनी भन्दा फरक व्यक्तिको नाममा जग्गा दर्ता कायम राख्ने गरेको पनि पाइएको छ ।

नापी कार्यालयहरूबाट कर्मचारीले सेवाग्राहीलाई नक्सा वा ट्रेस उपलब्ध गराउँदा समेत घूस, रिसवत लिने गरेको देखिएको छ । यसका अतिरिक्त जग्गाको नाप नक्सा र हालसाबिक गर्दा एक व्यक्तिको जग्गा अर्को व्यक्तिको जग्गामा घुसाई क्षेत्रफल थपघट गरिदिने वा सरकारी जग्गा व्यक्ति विशेषको जग्गामा घुसाइदिने र त्यस बापत आर्थिक लाभ लिने गरेको पनि पाइएको छ । विभिन्न धार्मिकस्थल र मठ मन्दिरको नाममा रहेको गुठी जग्गाको उचित संरक्षण हुन नसक्दा त्यस्ता जग्गाहरूमा अनधिकृत रूपमा अतिक्रमण बढेको छ । गुठी एवम्

सार्वजनिक र सरकारी जग्गाको उचित संरक्षण हुन सकेको छैन । साथै धोबीखोला र मनोहरा लगायत क्षेत्रका जग्गाको व्यवस्थापन गर्न रावल आयोग तथा समय समयमा गठन भएका अन्य आयोग र समितिबाट दिइएका सुझावहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिंदैन

## (च) भौतिक पूर्वाधार विकास, निर्माण र मर्मत सम्भार

आयोगबाट भएको अनुसन्धान र अनुगमनको क्रममा सरकारको अन्तरिक स्रोत र दातृसंस्थाहरूको सहयोगमा सञ्चालित भौतिक पूर्वाधार र विकास निर्माणका क्षेत्रहरूमा पनि अनेकन प्रकृतिका अनियमिततताहरू हुने गरेको पाइएको छ। सार्वजनिक क्षेत्रमा आयोजना सञ्चालन गर्दा आयोजनाको सम्भाव्यता पहिचानका आधार र मापदण्डहरू तयार गर्दादेखि नै केही सीमित वर्गलाई फाइदा पुग्ने गरी नियोजित रूपमा गर्ने गरिएको पाइएको छ । त्यसैगरी पूर्वाधार निर्माण गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत ड्रइङ तथा डिजाइन नै यथार्थपरक नहुने गरेको पनि देखिएको छ । एकातिर सडक पुल पुलेसा, सिंचाइ, बाँध तथा सरकारी भवनको गुणस्तर मापदण्ड निर्धारण हुन सकेको छैन भने अर्कोतिर कमसल गुणस्तरको निर्माण सामग्री र कच्चा पदार्थको प्रयोग गरी निर्धारित परिमाण र गुणस्तर कायम नगरी पूर्वाधार निर्माण गर्ने गरिएको देखिएको छ । गुणस्तर परीक्षण गर्ने जिम्मेवारी तोकिएका निकाय वा प्राविधिक कर्मचारीले पनि स्थलगत रूपमा निरीक्षण नै नगरी कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गरिदिने गरेको पाइएको छ । कतिपय भौतिक पूर्वाधार निर्माणको सन्दर्भमा एउटै संरचनाका लागि विभिन्न निकायहरूबाट दोहोरो रकम निकासा लिई खर्च गरेको विवरण पेश गर्ने गरेको अवस्था समेत पाइएको छ । यसका अलावा भौतिक निर्माणसम्बन्धी कार्यहरू कागजी रूपमा दुरुस्त देखिए पनि स्थलगत रूपमा निरीक्षण गर्दा सो बमोजिमको संरचना नै बनेको नपाइएको अवस्था पनि विद्यमान छ ।

## (छ) यातायात सेवा

यातायात कार्यालयहरूबाट प्रदान गरिने सेवाहरू सरल, सहज र प्रभावकारी हुन नसक्दा आम सेवाग्राहीहरूले समस्या भोग्नु परिरहेको छ । यातायात कार्यालयमा बिचौलियाहरूको अत्यधिक उपस्थितिका कारण सेवाग्राहीहरूले अनावश्यक झन्झट व्यहोर्नुपरेको अवस्था छ । यातायात कार्यालयहरूबाट सवारी साधन दर्ता र नवीकरण, सवारी इजाजत र सवारी चालक अनुमति पत्र वितरण जस्ता सेवा उपलब्ध गराउँदा कर्मचारीहरूबाट अतिरिक्त शुल्क असुल गर्ने गरेको पाइएको छ । सम्बन्धित कर्मचारीहरूले सवारी चालकको आवश्यक योग्यता र दक्षता परीक्षण नै नगरी सवारी चालक अनुमति पत्र दिने तथा नक्कली सवारी चालक अनुमति पत्र बनाई बिक्री गर्ने जस्ता विकृतिहरू पनि देखिएका छन् । हालसम्म पनि सार्वजनिक यातायातमा सिण्डिकेट प्रणाली पूर्ण रूपमा अन्त्य गर्न नसकिएका कारण प्रतिस्पर्धात्मक रूपमा यातायात सेवा सञ्चालन गर्न बाधा पुगेको र यसबाट आम यात्रुहरू प्रभावित हुनुपरेको देखिन्छ । लामो दूरीमा चल्ने सवारी साधनहरूको प्राविधिक दुरुस्तता र बाटोको गुणस्तर एवम् उपयुक्तता परीक्षणसम्बन्धी कार्य प्रभावकारी हुन सकेको छैन । अत्यधिक पुराना सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालनमा रहेका कारण सवारी असुरक्षा बढ्नुका साथै शहरी क्षेत्रमा वातावरणीय जोखिम समेत बढेको अवस्था छ । सार्वजनिक यातायातका साधनहरूमा क्षमताभन्दा बढी यात्रुहरू राखी असुरक्षित तवरले यात्रा गराउने गरेको र अनुगमनकारी निकायहरूबाट सो को प्रभावकारी अनुगमन हुन नसकेबाट सवारी दुर्घटना बढ्न गई हजारौं मानिसले अनाहकमा ज्यान गुमाउनु परेको अवस्था समेत देखिएको छ ।

**(ज) राजस्व प्रशासन**

राजस्व प्रशासनमा कर तथा भन्सार छली र राजस्व चुहावट नियन्त्रणका लागि गर्नुपर्ने अनुगमनसम्बन्धी कार्य प्रभावकारी हुन सकेको छैन भने करको दायरा बढाउने कार्यले पनि गति लिन सकेको छैन। आयोगबाट भएको अनुसन्धान र अनुगमनको क्रममा उद्योग व्यवसायहरू सञ्चालन गर्दा नियमानुसार दर्ता गर्नुपर्ने व्यवसायहरू दर्ता नगरी सञ्चालन गर्ने र राजस्व तिर्नबाट उन्मुक्ति लिने प्रवृत्तिहरू देखिएका छन्। त्यसैगरी करयोग्य कारोबारलाई करको दायरामा समावेश नगर्ने र व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी सरकारलाई तिर्न बुझाउन पर्ने राजस्व छली गर्ने जस्ता विसंगतिहरू पनि देखिएका छन्। राजस्व परिचालन गर्ने क्रममा नक्कली भन्सार प्रज्ञापनपत्र र नक्कली भ्याट बिल जारी गर्ने, न्यूनबिजकीकरण गर्ने र कर्मचारीको मिलोमतोमा राजस्व छली एवं चुहावट गर्ने जस्ता विकृतिहरू अझै पनि नियन्त्रणमा आउन सकेको देखिँदैन। यसैगरी कानुनले निकासी पैठारी गर्न निषेध गरेका वस्तुहरू निकासी पैठारी गर्ने गरेको समेत पाइएको छ। राजस्व छुट पाउने प्रकृतिका व्यवसाय दर्ता गरी राजस्व छुट लगायतका सुविधा लिने तर अर्कै व्यवसाय सञ्चालन गर्ने प्रवृत्ति बढेर गएको छ। कर्मचारीले कानुनद्वारा तोकिएको समयभित्र राजस्व रकम बैंकमा दाखिला नगर्ने र राजस्व मस्यौट गर्ने जस्ता प्रवृत्ति समेत आयोगको अनुसन्धानबाट देखिएका छन्। यसका अतिरिक्त आर्थिक ऐन र कार्यविधिका प्रावधानहरूलाई बेवास्ता गर्दै आर्थिक वर्षको मध्यतिर सीमित वर्ग वा समूहलाई मात्र फाइदा पुग्ने गरी कर सहुलियत वा छुट दिने अभ्यास पनि देखिएको छ।

**(झ) स्थानीय निकाय**

स्थानीय निकायहरूमा ठूलो धनराशि विनियोजन हुने गरेको भए पनि ती निकायबाट प्रवाह हुने सेवा र त्यसको अनुगमन प्रणाली प्रभावकारी हुन सकेको छैन, जसले गर्दा नागरिकहरूले अनावश्यक झन्झट र सास्ती खेप्नुपरेको छ। लामो समयदेखि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन अवस्थामा रहेका र ती निकाय सञ्चालन गर्ने जिम्मेवारी निजामती कर्मचारीले निर्वाह गर्दै आएको अवस्थाबाट स्थानीय निकायमा विनियोजित रकम पूर्णरूपमा सदुपयोग हुन नसकी हिनामिना हुने गरेको पाइएको छ। उपभोक्ता समितिहरूमार्फत गरिने विकास निर्माणका कार्यहरूमा वास्तविक लाभग्राहीहरूको पहुँच कम रहेको र स्थानीय टाठाबाठाहरूको संलग्नतामा भ्रष्टाचारजन्य क्रियाकलाप र अनुचित कार्यहरू हुने गरेका तथ्यहरू फेला परेका छन्। लाभग्राही वर्गको विवरण अद्यावधिक नगरी गलत विवरण र लगत तयार गरी सामाजिक सुरक्षा प्रणाली अन्तर्गत वितरण गरिने भत्ता तथा सुविधाका रकमहरू दुरुपयोग गर्ने गरेको पाइएको छ। स्थानीय निकायमा कार्यरत कर्मचारीले नक्कली भरपाई र किर्ते सहीछाप बनाई रकम बुझीलिने गरेको र कर्मचारीहरूले लिएको पेश्की रकम लामो समयसम्म फछ्र्यौट नगरी बाँकी राख्ने गरेको पनि पाइएको छ।

आयोगबाट भएको अनुसन्धान र अनुगमनका क्रममा जिल्ला, नगर र गाउँ परिषद्बाट पारित नै नगराएका आयोजना र कार्यक्रममा रकम खर्च गर्ने गरेको देखिएको छ। त्यसैगरी अन्य निकायले निर्माण गर्ने गरी बजेट विनियोजन गरेका आयोजनामा समेत दोहोरो पर्ने गरी बजेट निकासा गरी हिनामिना गर्ने गरेको पाइएको छ। निर्माण भएका आयोजनाहरूमा निर्धारित गुणस्तर कायम नभएको तर जाँचपास फरफारक गर्दा आर्थिक लाभ वा रिसवत लिई गुणस्तर कायम भएको भनी प्रमाणित गर्ने गरेको देखिन्छ। आर्थिक सहयोग, चन्दा वा अनुदान वितरण गर्दा निर्धारित कानुन र कार्यविधि विपरीत गर्ने प्रवृत्ति बढेर गएको छ। नागरिकता, नाता प्रमाणित र नामसारी लगायतका जनसरोकारका विषयमा सिफारिस गर्दा अतिरिक्त शुल्क

असुल्ने गरेको पनि पाइएको छ। यसका अतिरिक्त स्थानीय निकायमा जम्मा हुने राजस्व र धरौटीको रकम हिनामिना गर्ने र सो को अभिलेख नै नष्ट गर्ने जस्ता प्रवृत्तिहरू देखिएका छन्। गा.वि.स. सचिवहरू कार्यालयमा नबस्ने बरु झोलामा सरकारी कागज पत्र र छाप बोकी खाली लेटरप्याडमा छाप लगाई सिफारिसको व्यहोरा आफैं लेख्न मिल्ने गरी सेवाग्राहीलाई दिने र सो बापत रिसवत लिने गरेको पनि पाइएको छ। स्थानीय निकायहरूबाट सम्पादन हुने कार्यको नियमन तथा अनुगमन गर्ने निकायहरू अपेक्षित रूपमा सक्रिय नहुँदा विकास निर्माण र सेवा प्रवाहसम्बन्धी कार्यहरू प्रभावित हुनका साथै नतिजामूलक कार्यसम्पादन हुन सकेको पाइँदैन। यसबाट सर्वसाधारण जनता सहज र सरल रूपमा सेवा र विकासको प्रतिफल प्राप्त गर्ने अवसरबाट वञ्चित भएको अवस्था छ।

## (ञ) स्वास्थ्य

स्वास्थ्य सेवाको व्यवस्थापन र अनुगमन गर्ने निकायको भूमिका प्रभावकारी हुन नसक्दा आम नागरिकहरू आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित छन्। स्वास्थ्यकर्मीहरू खासगरी राजधानी र शहरी क्षेत्रहरूमा मात्र केन्द्रित हुने गरेकाले दुर्गम स्थानमा स्वास्थ्यकर्मीहरूको सर्वथा अभाव छ। त्यसैगरी स्वास्थ्यकर्मीहरूले सरकारी संस्थामा कम समय दिएर बढी समय निजी स्वास्थ्य संस्थाहरूमा कार्यरत रहने गरेको पनि पाइएको छ। राज्यको तर्फबाट निःशुल्क वितरण गर्नुपर्ने औषधीहरूमा सर्वसाधारण जनताको सहज पहुँच छैन र त्यस्ता औषधीहरू निजी क्लिनिकबाट बिक्री वितरण हुने गरेको समेत भेटिएको छ। नागरिकलाई निःशुल्क रूपमा वितरण गरिने औषधीहरू म्याद नाघेका र कम गुणस्तरको हुने गरेको तथ्य पनि अनुसन्धानको क्रममा देखिएको छ।

वार्षिक खरिद योजना बनाई निर्धारित प्रक्रिया अनुसार औषधीहरू खरिद गर्नुपर्नेमा हचुवाको भरमा केन्द्र, क्षेत्र र जिल्लास्तरबाट समेत औषधीहरू खरिद गर्ने गरेको पाइएको छ। अत्यावश्यक औषधीको आपूर्तिप्रति सजग नहुने तर आवश्यकता नै नभएका औषधी र स्वास्थ्य उपकरणहरू सार्वजनिक खरिद ऐनका व्यवस्था विपरीत अनियमित किसिमले खरिद गर्ने गरेको पाइएको छ। त्यसैगरी कागजी रूपमा ठूलो परिमाणमा खरिद गरेको देखाई वास्तविक रूपमा कम परिमाणमा औषधी र यन्त्र उपकरणहरू स्टोर दाखिला गर्ने गरेको पाइएको छ। यसका साथै स्वास्थ्य संस्थामा सेवाग्राहीहरूको नक्कली अभिलेख खडा गरी विभिन्न प्रयोजनका लागि विनियोजित रकम अनियमित गर्ने गरेको पनि पाइएको छ। प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनका नाममा कार्यक्रम नै सञ्चालन नगरी नक्कली बिलको आधारमा भुक्तानी लिने गरेको र कागजी रूपमा एउटै कार्यक्रम पटकपटक सञ्चालन गरेको देखाई रकम निकासा लिने गरेका जस्ता अनियमितताहरू पनि भेटिएका छन्।

नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड विपरीत मेडिकल र नर्सिङ कलेजहरू सञ्चालन गर्ने र ती कलेजहरूमा विद्यार्थी भर्ना लिंदा अनियमितता गर्ने गरेका तथ्यहरू पनि अनुसन्धानका क्रममा फेला परेका छन्। वातावरणीय प्रभाव मूल्यांकन र अस्पतालजन्य फोहोर व्यवस्थापन लगायतका निर्धारित मापदण्ड र पूर्वाधार पूरा नगरेका मेडिकल कलेज, नर्सिङ होम तथा अस्पतालहरूलाई सञ्चालन स्वीकृति दिने गरेको र नियमन निकायहरूबाट त्यस्ता संस्थाहरूको नियमित र प्रभावकारी अनुगमन हुन नसकेको तथ्य आयोगबाट भएका अनुसन्धान र अनुगमनका क्रममा देखा परेको छ।

## (ट) सार्वजनिक निर्माण तथा खरिद

सार्वजनिक निर्माण तथा खरिदसम्बन्धी कार्य गर्ने निकायहरूबाट आर्थिक कार्यविधि ऐन र

सार्वजनिक खरिद ऐन तथा नियमावलीका व्यवस्थाहरू अक्षरश: पालना गर्ने गरेको पाइँदैन। यसक्रममा कानुनी प्रावधानहरू छल्ने उद्देश्यले सार्वजनिक निर्माण र खरिदसम्बन्धी कार्यहरूलाई टुक्रा टुक्रा गरी सम्पन्न गर्ने गरेको देखिन्छ। कतिपय सन्दर्भमा दरभाउ पत्र वा बोलपत्रबाट खरिद गर्नुपर्नेमा सोझै बजारबाट खरिद गर्ने गरेको पनि पाइएको छ। यसैगरी इस्टिमेटभन्दा बढी कबोल गर्ने दरभाउ पत्र वा बोलपत्र स्वीकृत गरी सार्वजनिक निर्माण, खरिद र मर्मत सम्भार सम्बन्धी काम गर्ने गराउने गरेको देखिएको छ। अधिकार नै नभएको कर्मचारीले दरभाउ पत्र र बोलपत्र स्वीकृत गर्ने गरेको साथै खरिदसम्बन्धी बिल भरपाई अनुसार स्टोर दाखिला र जिन्सी मालसामानको अभिलेख दुरुस्त नरहने गरेको समेत पाइएको छ। त्यसैगरी निर्धारित शर्त र मापदण्ड विपरीत निर्माण कार्य गराई वा निर्माण नै नगराई झुटा बिल भरपाई तयार गरी भुक्तानी लिने दिने गरेका कार्यहरू आयोगको अनुसन्धान र अनुगमनबाट देखिएको छ। तोकिएको प्रक्रिया नै नपुऱ्याई आर्थिक वर्षको अन्त्यतिर मालसामान खरिद गर्ने प्रवृत्ति बढेर गएको छ र पर्याप्त कारण, आधार र औचित्यता बिना नै योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाई स्रोत साधनको दुरुपयोग गर्ने प्रवृत्ति पनि बढेको पाइएको छ।

**(ठ) शिक्षा**

शिक्षा क्षेत्रमा देखिएका अनियमितता र विकृतिका कारण लाखौं बालबालिकाहरू आधारभूत र गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित छन्। यसैका कारण बर्सेनि ठूलो संख्यामा विद्यार्थीहरू अध्ययनका लागि विदेशतर्फ पलायन हुनुपरेको अवस्था पनि छ। सार्वजनिक र निजी विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा ठूलो अन्तर छ। विद्यार्थी संख्याको आधारमा शिक्षकहरूको दरबन्दी मिलान नभएका कारण पठनपाठन प्रभावित हुने गरेको छ। त्यसैगरी विद्यमान कानुन विपरीत शिक्षक नियुक्ति गरिएका र कार्यस्थलमा अस्तित्व नै नभएका झोले विद्यालयहरूको कागजी रेकर्ड मात्र खडा गरी तलब भत्ता, प्रशासनिक खर्च, विद्यार्थी छात्रवृत्ति र भौतिक निर्माण बापत सरकारी अनुदान लिई रकम हिनामिना गर्ने गरेको पाइएको छ। यस्ता झोले विद्यालयहरूमा भएका अनियमितताहरूमा मन्त्रालय, विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूले नियमित अनुगमन र नियमनसम्बन्धी जिम्मेवारी पूरा नगरेको देखिन्छ। आयोगबाट भएको अनुसन्धानको क्रममा झोले विद्यालयहरूमा भएका अनियमिततामा सम्बन्धित जिल्ला शिक्षा अधिकारी, प्रधानाध्यापक र स्रोत व्यक्तिका साथै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू समेतको संलग्नता रहेको पाइएको छ।

सार्वजनिक शिक्षण संस्थामा स्थायी दरबन्दीमा कार्यरत शिक्षक तथा प्राध्यापकहरू आफ्नो दरबन्दी रहेको संस्थामा कार्यरत नरही अन्यत्र कामकाज गर्ने गरेको देखिएको छ। त्यसैगरी शिक्षक सेवामा प्रवेश गर्न, बढुवा पाउन र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पद प्राप्त गर्ने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्ने गरेको पनि पाइएको छ।

विश्वविद्यालयहरूले कलेजको सम्बन्धन दिंदा वा संकाय थप गर्दा, उच्च माध्यमिक शिक्षा परिषद्ले विद्यालय सञ्चालनको स्वीकृति दिँदा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक शिक्षालयहरू सञ्चालन गर्ने अनुमति दिँदा निर्धारित मापदण्ड पूरा नगरेका संस्थाहरूलाई हचुवाको भरमा सम्बन्धन दिने गरेको देखिएको छ। त्यसैगरी परीक्षाका प्रश्नपत्रको गोपनीयता भंग गर्ने, उत्तरपुस्तिका परीक्षणमा लापरबाही गर्ने र उत्तरपुस्तिकाको अंक अनधिकृत रूपमा सच्याउने जस्ता अनियमितताहरू पनि अनुसन्धानको क्रममा फेला परेका छन्।

### (ड) विविध

माथि उल्लिखित क्षेत्रका अतिरिक्त अन्य विषय र क्षेत्रहरूमा समेत अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरू देखापरेका छन्। सार्वजनिक निकायमा कार्यरत कर्मचारी र पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिता बहन नगर्ने तथा समयमा निर्णय नगर्ने प्रवृत्ति हावी हुँदै गएको छ। पछिल्ला दिनमा आयोगको सक्रियतालाई बहाना बनाएर निर्धारित जिम्मेवारी पूरा गर्ने सवालमा निष्क्रिय रहने गरेका जस्ता विसङ्गतिहरू पनि सुनिन थालेको छ। समयमै कार्यक्रम स्वीकृत गरी बजेट अख्तियारी नपठाउने र आर्थिक वर्षको अन्त्यमा रकम खर्च गर्ने परिपाटीमा खासै सुधार आउन सकेको छैन। यसका साथै सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहको पद्धतिमा सुधार गर्ने सन्दर्भमा आयोगबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई दिइएका सुझावहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेको अवस्था समेत विद्यमान छ।

पूर्वाधार निर्माण र विकासका क्षेत्रमा एकातिर वैदेशिक सहायता रकमको प्रभावकारी परिचालन हुन सकेको छैन भने अर्कोतिर त्यसरी सञ्चालित आयोजनाहरू पनि भ्रष्टाचार र अनियमितताबाट मुक्त हुन सकिरहेका छैनन्। कतिपय वैदेशिक सहायताबाट सञ्चालित कार्यक्रम र आयोजनाहरूमा विद्यमान राष्ट्रिय प्रणालीभन्दा छुट्टै आर्थिक कार्यप्रणाली अवलम्बन गर्ने गरेको पाइएको छ। त्यसैगरी गैरसरकारी संस्थाहरूमार्फत ठूलो रकम परिचालन हुने गरेको छ तथापि, तिनीहरूको कार्यसम्पादनबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। गैरसरकारी संस्थाहरूको नियमन र व्यवस्थापनका लागि जिम्मेवार निकायको संस्थागत क्षमता कमजोर हुँदा त्यस्ता संस्थाहरू राष्ट्रिय दृष्टिकोणले प्राथमिकताका क्षेत्रमा पारदर्शी र जवाफदेही रूपमा परिचालन हुन सकेको पाइँदैन।

सार्वजनिक क्षेत्रको व्यवस्थापन प्रतिस्पर्धी हुन सकेको छैन। नवीनतम प्रविधिको उच्चतम प्रयोग गरी कार्यसम्पादनमा दक्षता ल्याउने विषयमा सार्वजनिक व्यवस्थापन सधैं पछाडि पर्दै आएको छ। यसबाट सार्वजनिक व्यवस्थापन आफैंले प्रथमतः गुणस्तरीय सेवा र विकासको प्रवाह गर्न सकेको छैन भने अर्कातर्फ सामाजिक र आर्थिक रूपान्तरणका लागि निजी क्षेत्रको प्रभावकारी परिचालन गर्ने दिशामा पनि सफल हुन सकेको छैन। यसबाट विकासका लागि सरकारले अवलम्बन गरेको सार्वजनिक-निजी साझेदारीको रणनीति पनि सही रूपमा कार्यान्वयन हुन सकेको देखिंदैन।

बजार अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने निकाय र पदाधिकारीहरूबाट निर्धारित जिम्मेवारी पूरा नहुँदा खाद्य तथा दैनिक उपभोग्य वस्तुमा अखाद्य वस्तु मिसावट गर्ने प्रवृत्ति नियन्त्रणमा आउन सकेको छैन र यसबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्न गएको छ। लामो समयदेखि घाटामा रहेका सार्वजनिक संस्थानबाट कर्मचारीहरूले विभिन्न थप सेवा सुविधा लिने प्रवृत्ति अझै बढेर गएको छ। यस क्रममा अनियमित रूपमा काज खटाउने, नक्कली बिल भरपाई पेश गरी दैनिक तथा भ्रमण भत्ताको रकम भुक्तानी लिने र अनुचित एवम् नाजायज फाइदा लिई आफैं कार्यरत संस्थालाई नै धराशायी बनाउने जस्ता क्रियाकलापहरू देखिएका छन्।

कतिपय अवस्थामा कर्मचारीहरूले सरकारी सामग्रीहरू आफ्नो व्यक्तिगत प्रयोजनमा उपभोग गर्ने, विभिन्न संघसंस्थाहरू दर्ता वा नवीकरण गर्दा प्राप्त राजस्व सरकारी खातामा जम्मा नगरी भ्रष्टाचार गर्ने र समयमै बेरुजु फछ्र्यौट नगर्ने जस्ता विकृतिहरू देखिएका छन्। त्यसैगरी कर्मचारीहरूबाट प्रश्नपत्र परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्दा मोलाहिजा राख्ने, कानुन विपरीत करार सम्झौता गर्ने र गैरनागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र दिने

जस्ता अनियमितताहरू हुने गरेको समेत आयोगको अनुसन्धान र अनुगमनको क्रममा फेला परेका छन् ।

## आयोगको कामकारबाहीबाट सार्वजनिक सरोकारका विषयमा देखिएका केही उपलब्धिहरू

सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरूलाई जिम्मेवार र जवाफदेही बनाउँदै राज्यप्रदत्त सेवा र सुविधाहरू सर्वसाधारण नागरिकले सहज र सरल रूपमा प्राप्त गर्नसक्ने अवस्थालाई सुनिश्चित गराउन आयोग कटिबद्ध छ। भ्रष्टाचारजन्य क्रियाकलापले मुलुकको विकास र नागरिक अधिकारलाई कुण्ठित गर्ने कुरामा दुई मत हुन सक्तैन । त्यसैले मानव अधिकार र विकासको समग्र प्रक्रियामा भ्रष्टाचारले पार्ने प्रभावमा केन्द्रित भएर आयोगले आफ्ना गतिविधिहरू सक्रियताका साथ सञ्चालन गर्दै आएको छ । यस अर्थमा आयोगका गतिविधिहरू कुनै पनि व्यक्तिको गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सुविधा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ लक्षित छन् । आयोगको यो क्रियाशीलताबाट आम जनताको जीवनसँग सरोकार राख्ने आधारभूत सेवा र विकासको प्रवाहमा प्रत्यक्ष वा परोक्ष रूपमा सकारात्मक प्रभाव परेको छ भन्ने अनुभूत गरिएको छ ।

आयोगमा प्राप्त उजुरी र गुनासाहरूको परिमाण, विषयको गाम्भीर्यता र त्यसबाट पर्न सक्ने प्रभाव समेतलाई दृष्टिगत गरी आयोगले खासगरी शिक्षा, स्वास्थ्य, स्थानीय निकाय र भूमि प्रशासनका क्षेत्रमा आफ्नो सक्रियता विस्तार गरेको छ । त्यसैगरी वनजंगल, जलस्रोत, नागरिकता, राहदानी र वैदेशिक रोजगारी लगायतका आमनागरिकको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रहरूलाई समेत आयोगले अनुसन्धान र अनुगमनको प्राथमिकतामा राखेको छ ।

सामाजिक सुरक्षा प्रणाली अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका अनियमितता नियन्त्रण गर्न आयोगले चालेको कदमबाट आगामी दिनमा त्यस्तो भत्ता रकम यथासमयमा सहज रूपमा लक्षित वर्ग र समुदायमा पुग्ने अपेक्षा गरिएको छ । विद्यालय सञ्चालनको अनुमति प्राप्त गरी सञ्चालनमा नरहेका वा फर्जी विद्यार्थी देखाई पाठ्यपुस्तक, छात्रवृत्ति, तलब भत्ता र भवन निर्माण लगायतको रकम हिनामिना गर्ने झोले विद्यालयहरूमाथि गरिएको कारबाहीका कारण सम्बन्धित निकायले विभिन्न जिल्लाहरूमा ३०५ वटा विद्यालय बन्द गर्ने र ९० वटा विद्यालय गाभ्ने वा समायोजन गर्ने निर्णय गरेका छन् । यसबाट बर्सेनि हिनामिना हुँदै आएको अरबौंको सरकारी बजेट हिनामिना हुनबाट रोकिएको छ । साथै यसबाट आगामी दिनमा शिक्षा क्षेत्रमा लगानी गर्दा सम्बन्धित निकायहरू सजग हुन गई सम्भावित दुरुपयोग रोकिने र गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्न सघाउ पुग्ने महसुस पनि गरिएको छ । त्यसैगरी विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद् र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् जस्ता निकायमा भएका कारबाहीबाट ती निकायमा हुने गरेका नीतिगत, प्रशासनिक र आर्थिक विसंगतिहरू नियन्त्रणमा आई सम्पूर्ण शिक्षा क्षेत्रलाई यस्ता दुष्प्रभावहरूबाट मुक्त हुन बल मिल्ने र समग्रतामा मुलुकको शिक्षा क्षेत्रमा सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सार्वजनिक ओहदामा रहेका कर्मचारी र पदाधिकारीहरूको शैक्षिक प्रमाणपत्रको छानबिनबाट नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी सार्वजनिक सेवामा रहन खोज्ने प्रवृत्तिमाथि नियन्त्रण हुँदै गएको छ र यसबाट योग्य, क्षमतावान र उत्पादनशील व्यक्तिहरूका लागि रोजगारीका अवसर सिर्जना गर्न मद्दत मिल्ने विश्वास गरिएको छ ।

सर्वसाधारणका लागि निःशुल्क वितरण गरिने औषधीमा मोलाहिजा गरी कम परिमाण र न्यून गुणस्तरको औषधी खरिद गर्ने वा म्याद नाघेका औषधी वितरण गरी मानव स्वास्थ्य जस्तो संवेदनशील विषयमा खेलवाड गर्ने सरकारी अस्पताल र मनोमानी प्रवृत्ति देखाउने मेडिकल

कलेजहरूमथिको कारबाहीले आगामी दिनमा त्यस्ता प्रवृत्तिहरू नियन्त्रण गर्न सहयोग पुऱ्याउने ठानिएको छ। साथै आयोगको स्वास्थ्य क्षेत्रको अनुसन्धान र कारबाहीबाट आमनागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न बल मिल्ने अपेक्षा समेत गरिएको छ।

मुलुकभित्र उचित रोजगारीका अवसरको अभावमा विदेशिनुपर्ने बाध्यताको नाजायज फाइदा लिँदै वैदेशिक रोजगारीमा जाने युवायुवतीलाई विभिन्न किसिमले ठगी गर्ने रोजगार व्यवसायी र सरकारी कर्मचारीहरूलाई कारबाहीको दायरामा ल्याइएको छ। यसबाट रोजगारीमा जान चाहने युवायुवतीहरू सम्बन्धित व्यवसायी र कर्मचारीहरूबाट ठगिनु परेको अवस्थामा कमी आई राहत महसुस गरेको अनुभव गरिएको छ। साथै खाडी मुलुकका अतिरिक्त वैदेशिक रोजगारीका क्रममा अन्य विभिन्न मुलुकहरूमा रही तलब भत्ता लगायतका सुविधा र क्षतिपूर्ति प्राप्त गर्न नसकेका, विविध प्रकृतिका कानुनी जटिलतामा फसेका वा मृत्यु भएकाहरूको उद्धारका लागि सम्बन्धित मुलुकका दूतावास मार्फत आयोगले गरेको पहलबाट रोजगारीका सिलसिलामा विदेशमा संकटमा परेकाहरूको उद्धार गर्न र वैदेशिक रोजगारीका क्षेत्रमा रहेका कमीकमजोरीहरूमा सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा गुणस्तर कायम गर्न, निर्माणाधीन संरचनाहरूलाई यथासमयमा सम्पन्न गर्न र सार्वजनिक खरिद प्रणालीमा देखिएका विकृतिहरू नियन्त्रण गर्न आयोगले आयोजना प्रस्तावदेखि नै निरन्तर अनुगमन गर्दै आएको छ। यस क्रममा राष्ट्रिय गौरवका प्रत्येक आयोजनाहरूमा फोकल अधिकृत तोकी सम्बन्धित निकायसँगको समन्वयमा नियमित अनुगमन गर्ने गरिएको छ। त्यसैगरी काठमाडौं उपत्यकाका अतिरिक्त देशका विभिन्न क्षेत्रमा गर्न लागिएको सडक विस्तार र पुनर्निर्माणलाई तीव्रता दिन सम्बन्धित निकायसँग छलफल, अन्तरक्रिया र कार्यसम्पादनको अनुगमन गर्ने कार्यलाई पनि निरन्तरता दिइएको छ। आयोगका यस्ता प्रयासबाट सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम गर्न र तोकिएको समयमा आयोजनाहरू सम्पन्न गर्न सघाउ पुऱ्याउने विश्वास गरिएको छ।

सार्वजनिक संस्थानहरूमा देखिएका विकृति र विसंगति नियन्त्रण गरी तिनको सुधारका लागि सरकारबाट चालिएका विभिन्न कदमहरूमा आयोगको अनुगमन र निगरानीले सार्थक सहयोग पुगेको विश्वास गरिएको छ। त्यसैगरी आयोगको कारबाहीबाट पेट्रोलियम पदार्थको ढुवानीमा अनावश्यक जर्ती, चुहावट र नोक्सानी दाबी गर्ने प्रवृत्ति नियन्त्रण गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ। त्यसका अतिरिक्त नेपाल आयल निगम र राष्ट्रिय बिमा संस्थान लगायतका सार्वजनिक निकायहरूमा कार्यरत पदाधिकारी र कर्मचारीहरूले मनोमानी तवरले बोनस तथा अन्य बेमुनासिब सेवा सुविधा लिई संस्थालाई निरन्तर घाटा पुऱ्याउने प्रवृत्तिमा नियन्त्रण हुने विश्वास गरिएको छ।

मुलुकमा जलविद्युत् उत्पादनको पर्याप्त सम्भावना हुँदाहुँदै पनि ऊर्जा संकटका कारण मुलुकको औद्योगिक विकास र घरायसी प्रयोगलाई समेत समस्याग्रस्त बनाएको छ। यस्तो अवस्थामा जलविद्युत् उत्पादनका लागि अनुमतिपत्र लिने तर लामो समयसम्म आयोजना कार्यान्वयन र अनुमतिपत्र नवीकरण समेत नगर्ने प्रवृत्तिमाथि आयोगले निगरानी गर्दै आएबाट झोलामा खोला हाली हिंड्ने विकृतिहरू नियन्त्रण भई मुलुकको जलविद्युत् विकासमा वास्तविक लगानीकर्ताहरूलाई आकर्षित गर्न सहयोग पुग्ने र विद्यमान ऊर्जा संकट समाधान गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ।

मुलुकमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको र यसले राष्ट्रिय विकासमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने तथ्यलाई दृष्टिगत गरी यस क्षेत्रमा देखिएका अनियमितताहरू नियन्त्रण गर्न आयोगले गरेका पहलहरूबाट सुधारका संकेतहरू देखिएका छन्। उदाहरणका लागि विभिन्न समस्या र

विवादका कारण लामो समयसम्म बन्द जस्तै रही नियमित काम कारबाही नै प्रभावित भएको पर्यटन बोर्ड आयोगको हस्तक्षेपपछि सुचारु हुन सक्यो । त्यसैगरी नेपाल वायु सेवा निगमका विमानहरूको उडान सञ्चालनमा समेत आयोगले पहल गर्नुपऱ्यो । यसका अतिरिक्त पर्यटन प्रवर्द्धन र यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा देखापरेका विकृति र विसंगति नियन्त्रण गर्न आयोगबाट भएका प्रयासको परिणामस्वरूप त्यस क्षेत्रमा विद्यमान विसंगति नियन्त्रण भई समग्र पर्यटन क्षेत्रको विकासले सार्थक गति लिने विश्वास गरिएको छ ।

वनजंगल लगायतका अन्य प्राकृतिक स्रोत साधनको संरक्षणका लागि विभिन्न सरकारी निकायहरू संलग्न रहँदै आएको भए पनि देशका विभिन्न भागका वनजंगल, नदीनाला र तालतलैया आसपासका क्षेत्रमा अनधिकृत रूपमा बसोवास गरी त्यस्ता प्राकृतिक स्रोत साधनमाथि अतिक्रमण गर्ने प्रवृत्ति बढेर गएको छ । यस्तो अतिक्रमण रोक्न आयोगले सरोकार पक्षहरूसँग छलफल गरी संरक्षणका उपायहरू सुझाएको छ । पोखरामा रहेका तालतलैयाहरूको विद्यमान अवस्थाबारे अध्ययन गरी तिनको संरक्षण गर्न चाल्नुपर्ने कदमका सम्बन्धमा आयोगले गरेको सिफारिसबाट त्यहाँका तालतलैयाहरूको सम्बर्द्धन र उपयोगमा ठोस योगदान पुग्ने अपेक्षा गरिएको छ। यसका साथै सरकारी वनजंगल, खानी, सार्वजनिक जग्गा र देशका अन्य विभिन्न क्षेत्रमा रहेका तालतलैया लगायतका स्रोत साधनहरूमाथिको अतिक्रमण रोक्न आयोगको पहल र सक्रियताबाट समग्रतामा देशको प्राकृतिक स्रोत र साधनको संरक्षण गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ ।

कर संजाल बाहिर रहेका व्यावसायिक फर्म, कम्पनी, पेसागत व्यक्ति वा संस्था र नयाँ करदातालाई करको दायरामा ल्याउन र न्यून बिजकीकरणलाई नियन्त्रण गर्न आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरू समेतको सहकार्यमा आयोगले अभियान नै सञ्चालन गऱ्यो । यसबाट सरकारलाई प्राप्त हुने राजस्वमा वृद्धि हुनुका साथै कर प्रशासनमा सुधारका संकेतहरू देखिएका छन् । आयोगको निगरानी र सम्बद्ध निकायहरूको थप सक्रियतामा आयकरतर्फ १,३५,३९४, मूल्य अभिवृद्धि करतर्फ ११,०३९ र अन्तःशुल्कतर्फ ४०,५८४ गरी जम्मा १,८७,०१७ व्यवसाय र व्यक्तिहरू करको दायरामा आएका छन् । मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क छलीको सम्बन्धमा ११९९ करदाताको अनुसन्धान गरी कुल रु. २ अर्ब ४४ करोड ५० लाख कर निर्धारण भएको छ र सो रकम असुलीको प्रक्रियामा रहेको छ। यसैगरी आयोगकै सक्रियताबाट मूल्य अभिवृद्धि कर र आयकरतर्फ रु.३ अर्ब ६२ करोड ५६ लाख कर बक्यौता असुल भएको छ भने सुर्तीजन्य पदार्थको अन्तःशुल्कतर्फ रु. १ अर्ब ५० करोड असुल भएको छ ।

**आयोगका चुनौतीहरू :**

नेपालको सन्दर्भमा भ्रष्टाचार नै गरिबीको एक प्रमुख कारण भएको र यसबाट नागरिकहरूको आधारभूत नैसर्गिक अधिकार कुण्ठित भएको महसुस गरिएको छ । त्यसैले विकासको समग्र पक्षलाई गति दिन र सामाजिक न्यायको आधारमा विकासको प्रतिफल वितरण हुने पद्धतिलाई सुनिश्चित गर्न भ्रष्टाचारको नियन्त्रण अनिवार्य र अपरिहार्य छ। यसै मान्यता बमोजिम विगत केही समयदेखि आयोगले भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा आफ्नो सक्रियता बढाउँदै ल्याएको र यस्तो सक्रियताबाट सार्वजनिक सेवा प्रवाहमा निश्चित उपलब्धि र सुधारका संकेतहरू देखिएको भए पनि आयोग समक्ष विभिन्न खाले चुनौतीहरू भने विद्यमान छन् ।

विगत केही समयदेखि आयोगप्रति आम नागरिकको अपेक्षा र चाहना बढेर गएको देखिन्छ । पीडित सरोकारवाला र नागरिकका तर्फबाट आयोगमा प्राप्त हुने गरेका गुनासा र उजुरीहरूमा भएको बढोत्तरीले यही तथ्यलाई संकेत गर्दछ । यस्तो जनचाहना र अपेक्षालाई सम्बोधन गर्न आयोगको संस्थागत र कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आयोगका काम कारबाहीहरूलाई वैज्ञानिक, तथ्यपरक, वस्तुनिष्ठ र विश्वासिलो बनाउँदै सुशासन कायम गर्ने दिशामा ठोस योगदान

पुऱ्याउनु आयोगको अहिलेको प्रमुख चुनौती हो ।

नेपालले भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरिसकेको सन्दर्भमा महासन्धिको उद्देश्य कार्यान्वयनका लागि विद्यमान कानुनी संरचनामा सुधार हुनुपर्ने देखिएको छ। साथै महासन्धिको अनुमोदनबाट आयोगको कार्यक्षेत्र, दायित्व र जिम्मेवारीहरू पनि विस्तार हुँदै जाने भएकोले नयाँ कानुनहरू निर्माण गर्ने, कतिपय पुराना कानुनहरूमा परिमार्जन गर्ने र सिर्जित दायित्व र जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने विषय पनि आयोगको चुनौतीको रूपमा रहेको छ ।

समाजका विभिन्न क्षेत्रमा विद्यमान भ्रष्टाचारजन्य क्रियाकलाप र अनियमितताहरूको नियन्त्रणलाई प्रभावकारी बनाउन आयोगको सक्रियतासँगै सरकारी र निजी क्षेत्रका भ्रष्टाचार विरुद्धका संघ सस्थाहरूसँगको सहकार्य र साझेदारिता अपरिहार्य हुन्छ । त्यसैले आगामी दिनमा विभिन्न सरकारी र निजीक्षेत्रका भ्रष्टाचार विरुद्धका संगठित संस्थाहरूसँग रचनात्मक सहकार्य र साझेदारिता अभिवृद्धि गरी सरकारी स्रोत र साधनको दुरुपयोग र अनियमितता नियन्त्रण गर्न र सुशासनका माध्यमबाट विकास निर्माण कार्यको प्रभावकारिता अभिवृद्धि गर्दै सामाजिक न्यायका आधारमा विकासको प्रतिफल वितरण हुने अवस्थालाई सुनिश्चित गराउनु आयोगको अर्को चुनौती हो ।

खासगरी सार्वजनिक निकायमा कार्यरत कर्मचारी र पदाधिकारीहरूले स्रोत नखुलेको अकुत सम्पत्ति कमाएको अनुमान गर्न सकिने अवस्था भए पनि त्यस्तो सम्पत्ति मुलुक बाहिर लुकाउने छिपाउने प्रवृत्तिको कारण त्यससम्बन्धी अनुसन्धान तहकिकातको काम अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । कर्मचारीहरूको दक्षता अभिवृद्धि, अनुसन्धानका परिष्कृत प्रविधिहरूको प्रयोग र सूचना सञ्जालको विस्तारका माध्यमबाट अकुत सम्पत्ति आर्जनसम्बन्धी विषयका उजुरीहरूको अनुसन्धान तहकिकातलाई थप प्रभावकारी र नतिजामुखी बनाउनुपर्ने चुनौती पनि आयोगसामु रहेको छ ।

आयोगका लागि छुट्टै कर्मचारी सेवाको गठन हुनसकेमा कर्मचारीलाई आयोगमा टिकाइराख्न र उनीहरूमा विज्ञताको विकास गर्न सहयोग पुग्छ । यसका अतिरिक्त आयोगमा कार्यरत जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आधुनिक प्रविधिको प्रयोग मार्फत अनुसन्धान र तहकिकातका विषयलाई नतिजामूलक बनाउने र थप प्रोत्साहनको व्यवस्था गरी कर्मचारीहरूको मनोबल उच्च बनाउनुपर्ने विषय पनि आयोगको चुनौतीको रूपमा रहेको छ ।

कतिपय सन्दर्भमा आयोगको कामकारबाहीलाई प्रभावित पार्ने गरी केही स्वार्थ समूहहरूबाट संगठित रूपमा अवरोध गर्ने प्रवृत्तिहरू पनि देखापर्ने गरेका छन्। यस्ता प्रवृत्तिहरूको सामना गर्दै भ्रष्टाचारका विरुद्ध सशक्त रूपमा अगाडि बढ्नु आयोगका लागि एक चुनौती बनेको छ। यसका साथै भ्रष्टाचार नियन्त्रणसम्बन्धी सम्पूर्ण कार्य आयोगले नै गर्दछ भन्ने आम सोचाइमा परिवर्तन ल्याई सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सबै सरोकार पक्षहरूसँग सहकार्य गर्दै आयोगप्रतिको विश्वास र भरोसालाई कायम राख्नु पनि हाम्रो अहिलेको चुनौती हो ।

आयोगले साना तहका सरकारी कर्मचारी र साना भ्रष्टाचारका विषयहरूलाई मात्र कारबाही गरेको तर ठूला भ्रष्टाचारका विषयलाई कारबाहीको दायरामा ल्याउन नसकेको भन्ने आलोचनाहरू पनि हुने गरेका छन् । भ्रष्टाचार आयतनमा सानो वा ठूलो भनी परिभाषित गर्ने भन्दा पनि भ्रष्ट प्रवृत्ति सधैं हानिकारक नै हुन्छ भन्ने मर्मलाई आत्मसात गर्दै आयोगले आफ्ना कामकारबाहीहरू अगाडि बढाएको छ । भ्रष्टाचारी ठूलो वा सानो जो सुकै भए पनि यसलाई कारबाहीको दायरामा ल्याई आम नागरिकको विश्वास र भरोसा कायम राख्न आयोग कटिबद्ध छ। यद्यपि भ्रष्टाचार विरुद्धको कारबाहीलाई तीव्रता दिने विषय तथ्यपूर्ण सूचना र प्रमाणको उपलब्धतामा निर्भर गर्दछ । तर सत्य, तथ्य र यथार्थपरक सूचना प्राप्त गर्ने विषय आयोगका लागि सधैं चुनौतीका रूपमा रहेको छ ।

लामो समयसम्म स्थानीय निकायहरूमा जनप्रतिनिधिहरूको रिक्तता भई सार्वजनिक निकाय र

पदाधिकारीहरूको कार्यसम्पादन अपेक्षित रूपमा जिम्मेवार र जवाफदेहीपूर्ण हुन नसक्दा जनसरोकार र जनहितका प्रत्येक विषयहरूमा आयोगले नै न्याय दिनसक्छ भन्ने अपेक्षालाई सम्बोधन गर्न आयोगबाट हालसम्म भएका प्रयासहरू पक्कै पर्याप्त छैनन् । कानुनी राज्य, मानव अधिकारको सम्मान, सामाजिक न्याय प्रवर्द्धन तथा सर्वसाधारण नागरिकहरूको सरोकार र चासोका विषयमा आयोगले सक्रियता र सशक्तता देखाउँदै आएको भए पनि यसलाई आगामी दिनमा अझ सबल र सशक्त बनाउँदै लैजानु आयोगको अर्को चुनौती हो ।

आयोगको काम कारबाहीलाई सार्थक र थप प्रभावकारी बनाउन सरोकारवाला पक्ष, नागरिक समाज र सञ्चार जगतको सहयोग अपरिहार्य हुन्छ । यसैअनुरूप आयोगले पनि भ्रष्टाचार नियन्त्रणको अभियानलाई थप गति दिन भ्रष्टाचार विरुद्धका विभिन्न संघसंस्था र सञ्चार क्षेत्रसँग सहकार्य गर्न प्रयत्न गर्दै आएको छ तथापि भ्रष्टाचार विरुद्धको त्यस्तो समन्वय र सहकार्यलाई परिणाममुखी र उद्देश्यमूलक बनाउँदै लैजानु आयोगको चुनौतीको रूपमा रहेको छ । साथै भ्रष्टाचार विरुद्ध आयोगले अवलम्बन गरेको निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिलाई प्रभावकारी तुल्याउने दिशामा समाजमा जनजागरण अभियान सञ्चालन गर्न युवा, विद्यार्थी र चेतनशील वर्गलाई समुचित परिचालित गर्नु पनि आयोगको चुनौती बनेको छ ।

**भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा गर्नुपर्ने सुधारसम्बन्धी सुझावहरू**

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको विषयमा प्राप्त सूचना, उजुरी छानबिन, अनुसन्धान तथा तहकिकात र अभियोजन गर्दा प्राप्त अनुभवहरू समेतका आधारमा मुलुकमा भ्रष्टाचार नियन्त्रण तथा अनुचित कार्य नियन्त्रण गर्ने विषयमा आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ :-

१. नेपाल भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ। महासन्धिको पक्ष राष्ट्रका नाताले त्यसबाट सिर्जित दायित्व पूरा गर्न सरकारले केही थप नीतिगत, संरचनागत र कार्यगत व्यवस्था गर्न आवश्यक हुन्छ । यस क्रममा कतिपय नयाँ कानुनहरू तर्जुमा गर्ने र केही मौजुदा कानुनहरूमा समसामयिक संशोधन र परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको भए पनि हालसम्म त्यसतर्फ खासै प्रगति भएको देखिंदैन । उचित समन्वय र अनुगमनको अभावमा महासन्धिमा उल्लिखित प्रावधानहरू पूरा गर्न सरकारले तयार पारेको कार्ययोजनाको कार्यान्वयनले पनि गति लिन सकेको छैन । यस अवस्थामा भ्रष्टाचार विरुद्धका कार्यहरूलाई संयोजित तथा समन्वयित गर्ने र भ्रष्टाचार विरुद्धको राष्ट्रिय नीति एवम् रणनीतिहरूको कार्यान्वयनको अनुगमन र समन्वय गर्ने कार्यको नेतृत्वदायी भूमिका अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्वाह गर्न उपयुक्त हुने ।

२. भ्रष्टाचारजन्य गतिविधि र अनियमित क्रियाकलापहरूको नियन्त्रणका लागि विश्वासिलो र भरपर्दो सूचना प्राप्त गर्ने प्रणाली स्थापना गर्न र सूचनादाताको सुरक्षालाई सुनिश्चित गर्न अपरिहार्य हुन्छ । हालसम्म यससम्बन्धी कानुन तर्जुमा हुन नसक्दा भ्रष्टाचारसँग सम्बन्धित सूचना प्राप्त गर्ने र सूचनादाताको सुरक्षाको प्रत्याभूति गर्ने विषय सुनिश्चित हुन नसकेकाले साक्षी तथा सूचनादाताको संरक्षणसम्बन्धी ऐनको तर्जुमा हुनुपर्ने ।

३. भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यमा धेरै सरकारी निकायहरू संलग्न रहेको कारण तिनीहरूबीच कार्यगत अस्पष्टता र काममा दोहोरोपना समेत देखिएको छ। यस्तो अस्पष्टता र दोहोरोपना हटाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यलाई थप प्रभावकारी र

सशक्त बनाउन के कस्तो व्यवस्था गर्दा उपयुक्त हुन्छ भन्ने यकिन गर्न एक स्वतन्त्र विज्ञ समूहबाट अध्ययन गराई उनीहरूको प्रतिवेदनका आधारमा आवश्यक व्यवस्था गर्न उपयुक्त हुने ।

४. सार्वजनिक सेवा प्रवाहलाई सरल, गुणस्तरयुक्त र सर्वसुलभ बनाउन प्रत्येक सार्वजनिक निकायहरूले आफूले सम्पादन गर्ने कार्य सहितको व्यावसायिक योजना तथा सेवा प्रवाह दिग्दर्शन बनाई लागू गर्ने सम्बन्धमा विगतमा विभिन्न प्रयासहरू भएका हुन् । तर समय समयमा भएका त्यस्ता प्रयासहरूले निरन्तरता नपाउँदा सार्वजनिक निकायहरूबाट प्रवाह हुने सेवाको प्रभावकारितामा वृद्धि हुन सकेको छैन । त्यसैले प्रत्येक सार्वजनिक निकायले आ-आफूले प्रवाह गर्ने सेवा र जिम्मेवारीका सम्बन्धमा अलग्गै दिग्दर्शन वा निर्देशिका बनाई लागू गर्ने विगतको प्रयासलाई निरन्तरता दिई त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनको व्यवस्था गर्नुपर्ने ।

५. प्रचलित कानुनले तोकेको अधिकार र जिम्मेवारी पन्छाउने तथा निर्णयको सम्भावित जोखिमबाट उन्मुक्ति पाउने नियतले नीतिगत निर्णयका नाउँमा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयलाई पनि मन्त्रिपरिषद्बाट निर्णय गराउने प्रवृत्ति बढेर गएको छ । यस्तो प्रवृत्तिले प्रत्यक्ष वा परोक्ष रूपमा भ्रष्टाचारजन्य र अनियमित कार्यहरूलाई नै बढावा दिइरहेको हुन्छ । त्यस्तो अभ्यासलाई निरुत्साहित र नियन्त्रण गर्न त्यसरी मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्ने नीतिगत, प्रक्रियागत तथा प्रशासनिक विषयहरूको स्पष्ट आधार र मापदण्ड तयार गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

६. सार्वजनिक सरोकारका विषयमा सम्बन्धित निकाय वा पदाधिकारीहरूले समयमा निर्णय नगर्दा वा प्रतिबद्धता बमोजिम कार्यसम्पादन नगर्दा सार्वजनिक सेवा प्रवाह अवरुद्ध हुने गरेको छ । यसबाट विकास आयोजनाहरू समेत समयमा सम्पन्न हुन नसकेको अवस्था छ । यस्तो प्रवृत्तिले सेवा र विकासको लागत बढाउने मात्र नभई निर्धारित समयमा सेवा र विकासको प्रवाह हुन नसकी आमनागरिकले हैरानी र राज्यले ठूलो नोक्सानी व्यहोर्नु पर्ने अवस्था सिर्जना गरेको छ । त्यसैले समयमा निर्णय नगर्ने वा निर्णय पन्छाउने सार्वजनिक अधिकारीहरूको मनोवृत्तिलाई निरुत्साहित गर्न त्यस्तो कारणबाट भएको हानि नोक्सानीप्रति सम्बन्धित पदाधिकारीलाई नै जिम्मेवार बनाउने गरी पर्याप्त कानुनी व्यवस्था गर्नुपर्ने । साथै सार्वजनिक सेवा र विकासको प्रवाह गर्ने क्रममा सेवाको गुणस्तर परीक्षण गर्ने र अनुगमन एवम् मूल्यांकन गर्ने सम्बन्धी विद्यमान कानुनी संरचनामा समयानुकूल सुधार हुन नसक्दा ती कानुन अव्यावहारिक र दण्ड सजायका दृष्टिले अपर्याप्त समेत देखिएकाले तिनमा आवश्यकता अनुसार सुधार गर्नुपर्ने ।

७. योजना स्वीकृत गर्दा वा बजेट विनियोजन गर्दा निर्धारित कार्यविधि र प्रक्रिया अवलम्बन नगरी प्रभाव र पहुँचका आधारमा निर्णय गर्ने परिपाटी हावी हुँदै गएको छ । यस्तो विकृति नियन्त्रण गर्न कार्यक्रम र निकाय स्पष्ट नगरी विविध शीर्षक अन्तर्गत ठूलो रकम विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने । साथै बजेट विनियोजन गर्दा वा आयोजना स्वीकृत गर्दा स्पष्ट र पारदर्शी मापदण्ड बनाई लागू गर्नुपर्ने । त्यसैगरी वार्षिक विकास कार्यक्रम तर्जुमा र स्वीकृत गर्दा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको प्रत्यक्ष संलग्नता हुँदाहुँदै पनि पुनः राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत गराउनुपर्ने विद्यमान प्रणालीले कार्यक्रम र आयोजना कार्यान्वयनमा ढिलाइ हुने गरेको हुँदा पुनः कार्यक्रम स्वीकृत गर्नुपर्ने विद्यमान प्रणालीको अन्त्य गर्नुपर्ने ।

८. मुलुकमा अपार जलस्रोतको उपलब्धता भए पनि दीर्घकालीन नीति र योजनाको अभावमा त्यसको प्रभावकारी उपयोग हुन सकेको छैन। जलविद्युत् उत्पादनको पर्याप्त सम्भावना हुँदाहुँदै पनि आम उपभोक्ताहरू लामो समयदेखि लोडसेडिङको समस्या खेप्न बाध्य छन्। औद्योगिक विकासको प्रमुख पूर्वाधारको रूपमा रहने विद्युत् आपूर्तिको अभावका कारण उद्योग व्यवसायहरूको सञ्चालनमा बाधा उत्पन्न भएको छ। त्यसैले बढ्दो ऊर्जा संकट सम्बोधनका लागि जलविद्युत् विकासलाई राष्ट्रिय विकासको प्राथमिकतामा राखी यसको उत्पादन, वितरण तथा प्रसारण लाइन विस्तारका लागि दीर्घकालीन नीति र योजना बनाउनुपर्ने। मुलुकभित्र लोडसेडिङको अन्त्य गर्न सम्बन्धित निकायहरूले स्पष्ट कार्ययोजना बनाई काम गर्नुपर्ने। जलविद्युत् क्षेत्रको विकासका लागि आन्तरिक र बाह्य लगानी परिचालन गर्न विद्यमान नीतिगत, संस्थागत र कार्यगत प्रक्रियामा थप सरलीकरण गर्नुपर्ने। छिमेकी मुलुकहरूसँगको सहकार्यमा जलविद्युत् विकासका सम्भावनाहरूलाई उपयोग गर्नेतर्फ प्राथमिकता दिई उत्पादित विद्युत् शक्तिको समुचित वितरणका लागि आधुनिक प्रविधियुक्त र उच्च भारवहन क्षमतासहितको प्रसारण लाइन विस्तारतर्फ जोड दिनुपर्ने। हाल नेपाल विद्युत् प्राधिकरणले एकल रूपमा सम्पादन गर्दै आएको विद्युत् उत्पादन, वितरण तथा प्रसारण लाइन विस्तारसम्बन्धी काम प्राधिकरणको हालको कमजोर संस्थागत क्षमताका कारण प्रभावकारी रूपमा सम्पादन हुन नसकेकाले यी कामहरूलाई अलग अलग निकायले सम्पादन गर्ने गरी व्यवस्था मिलाउनुपर्ने। आगामी दिनमा पर्याप्त विद्युत् उत्पादन भई लोडसेडिङको समस्या अन्त्य भइसकेपछि हिउँद र वर्षायामका लागि अलग अलग विद्युत् महसुल निर्धारण गरी विद्युत् वितरण प्रणालीलाई थप व्यवस्थित बनाउन दीर्घकालीन योजना तयार गरी कार्यान्वयन हुनुपर्ने।

९. भौतिक पूर्वाधार तथा विकास निर्माणसम्बन्धी काममा खस्किँदो गुणस्तरमा सुधार गर्न र निर्धारित समयमा आयोजना सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्न अत्यावश्यक भइसकेको छ। यसका लागि सडक, पुल, सिंचाइ लगायतका पूर्वाधारको निर्माण, सञ्चालन र गुणस्तर परीक्षणसम्बन्धी मापदण्ड तयार गरी लागू गर्नुपर्ने। साथै विकास निर्माण कार्यमा प्रयोग भएको निर्माण सामग्री र अन्य कच्चा पदार्थको गुणस्तरको सुनिश्चितताका लागि भौतिक र रासायनिक परीक्षण गर्न सकिने गरी मुलुकभित्रै आधुनिक र सुविधा सम्पन्न प्रयोगशाला स्थापना गर्नेतर्फ आवश्यक व्यवस्था हुनुपर्ने।

१०. केन्द्रदेखि स्थानीयस्तरसम्म विभिन्न किसिमका आयोजनाहरू निर्माण तथा सञ्चालन हुँदा वास्तविक लाभग्राहीहरूले आयोजनासम्बन्धी सामान्य जानकारी समेत पाउने गरेका छैनन्। यसबाट आयोजनाप्रति लाभग्राहीहरूको स्वामित्व र अपनत्व स्थापित हुन नसकी अपेक्षित रूपमा आयोजनाको संरक्षण र दिगोपना कायम हुन सकेको छैन। त्यसैले प्रत्येक आयोजनाको निर्माण शुरु गर्नुपूर्व लाभग्राही समूहलाई आयोजनाको विषयमा सामान्य जानकारी गराई सामाजिक परीक्षण गराउने परिपाटी बसाल्नुपर्ने। यस क्रममा आयोजनाको नाम, आयोजना सञ्चालन हुने स्थान, आयोजनाको बजेट, आयोजना शुरु हुने र सम्पन्न हुने अवधि, लाभग्राहीहरूको संख्या तथा अपेक्षित नतिजाको सारांश लगायतका विषयहरू समेटी सार्वजनिक जानकारीका लागि आयोजनास्थलमा बोर्ड वा अन्य माध्यमबाट स्थानीय सेवाग्राहीलाई जानकारी गराउनुपर्ने साथै आयोजना सम्पन्न भइसकेपछि अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्ने पद्धतिको विकास गर्नुपर्ने।

११. विश्वविद्यालय, उच्चमाध्यमिक शिक्षा परिषद् र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले आफू मातहत मेडिकल तथा इन्जिनियरिङ कलेज, विद्यालय वा प्राविधिक

शिक्षालयहरू सञ्चालन गर्न सम्बन्धन दिने प्रक्रिया पारदर्शी र वस्तुगत छैन । यसका लागि ती निकायहरूले शिक्षण संस्थाहरू सञ्चालन गर्न सम्बन्धन दिँदा मुलुकको आवश्यकता एवम् भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई पालना गर्नुपर्ने शर्त र पूरा गर्नुपर्ने मापदण्डको सम्बन्धमा स्पष्ट र वस्तुगत आधारहरू तयार गरी पारदर्शी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्ने । साथै विश्वविद्यालयमा उच्चतहका पदाधिकारी नियुक्त गर्दा योग्यता र व्यावसायिक दक्षताका आधारमा रोष्टर बनाई योग्य व्यक्ति नियुक्त गर्ने तथा प्रशासनिक र आर्थिक कार्य सञ्चालन गर्ने कर्मचारीहरूको छनौट र नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

१२. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर दिनानुदिन खस्किँदै गएको छ । खस्किंदो गुणस्तरलाई सुधार गर्न सामुदायिक विद्यालयहरूमा आधारभूत शैक्षिक पूर्वाधारको उपलब्धता सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्ने । साथै निजी विद्यालयको स्थापना र सञ्चालन गर्ने र तिनमा शुल्क निर्धारण गर्ने लगायतका विषयमा स्पष्ट वस्तुगत आधार र मापदण्ड बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने । निजी विद्यालयहरूले जथाभावी असुल्दै आउने गरेको शुल्क नियन्त्रण र व्यवस्थापन गर्न निजी विद्यालयहरूको शुल्क संरचना सार्वजनिक गर्नुपर्ने र विद्यार्थीहरूसँग वार्षिक रूपमा प्रवेश शुल्क लिन नपाउने व्यवस्था समेत गर्नुपर्ने ।

१३. दुर्गम क्षेत्रहरूमा स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरूको उपस्थिति नगन्य हुने गरेको र दक्ष स्वास्थ्यकर्मीहरू सुगम स्थानमा मात्र केन्द्रित रहने गरेका कारण दुर्गम क्षेत्रको सेवा प्रवाह प्रभावित हुँदै आएको छ । निःशुल्क रूपमा उपलब्ध गराइने औषधीहरू सन्तुलित र समन्यायिक रूपमा आम नागरिकको पहुँचमा पुग्न सकेको छैन । त्यसैगरी औषधी लगायत मेडिकल उपकरण र सामग्रीहरूको खरिदमा अनियमितता हुने र खरिद गरिएका औषधीहरू गुणस्तरहीन हुने जस्ता विकृति र विसंगतिहरू रहेका छन् । यस्ता विकृतिलाई नियन्त्रण गर्न स्वास्थ्यकर्मीहरूको परिचालन, औषधी उपकरण खरिद, भण्डारण र वितरण तथा सेवा प्रवाहको चुस्तताका विषयमा स्पष्ट र पारदर्शी मापदण्ड सहितको कार्ययोजना बनाई लागू गर्नुपर्ने । अस्पताल विकास समिति अन्तर्गत सञ्चालित अस्पतालहरूको वर्गीकरण गरी व्यवस्थापन तथा सञ्चालनका आधार र मापदण्डमा एकरूपता कायम गर्ने व्यवस्था गर्नुपर्ने । फार्मेसीहरूबाट बिक्री वितरण गरिने औषधीको गुणस्तर र मूल्यको विषयमा नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने । साथै दर्ता नै नगरी सञ्चालनमा रहेका फार्मेसीहरूको दर्ता खारेजी गरी आवश्यक कारबाही गर्ने व्यवस्थालाई थप कडाइका साथ लागू गर्नुपर्ने । त्यसैगरी निजी स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराइने सेवाको गुणस्तर र सो बापत लिइने शुल्कको औचित्यताका अतिरिक्त निजी क्षेत्रका स्वास्थ्य संस्थाहरूको समग्र नियमन र अनुगमनसम्बन्धी कार्यलाई नियमित र प्रभावकारी बनाउनुपर्ने ।

१४. रोजगारीका लागि विदेश जान चाहने युवायुवतीहरूले त्यसतर्फ जानको लागि न्यूनतम प्रक्रिया पुऱ्याउन मुलुकभित्रै अनावश्यक झन्झट र सास्ती व्यहोर्नुपरेको अवस्था छ । हाल केन्द्रमा मात्र सीमित वैदेशिक रोजगार विभागको संस्थागत क्षमताले वैदेशिक रोजगारसम्बन्धी सेवाको चाप र कार्यबोझलाई धान्न नसक्दा सेवाग्राहीहरूले सहज र सरल रूपमा सेवा प्राप्त गर्न सकेका छैनन् । त्यसैले वैदेशिक रोजगारसम्बन्धी सेवाको प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक संगठनात्मक र कानुनी व्यवस्था गरी सेवा प्रवाह प्रक्रियालाई विकेन्द्रित गर्नुपर्ने । त्यसैगरी वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई विचौलिया मार्फत सेवा लिनुपर्ने बाध्यताबाट मुक्त गर्न आवश्यक व्यवस्था गर्नुपर्ने । वैदेशिक रोजगारीलाई

सुरक्षित र भरपर्दो बनाउन रोजगारीका प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्ने, रोजगारीका दृष्टिले सम्भावित मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गर्ने र वैदेशिक रोजगारीका विषयमा सम्बद्ध मुलुकका दूतावासहरूको भूमिकालाई प्रभावकारी तुल्याउनु पर्ने । साथै वैदेशिक रोजगारका क्रममा विदेशमा अलपत्र परेका र मृत्यु भएका कामदारहरूलाई स्वदेश फिर्ता ल्याउने सम्बन्धमा सम्बन्धित दूतावास र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको भूमिकालाई सक्रिय बनाई यथासमयमा स्वदेश ल्याउने व्यवस्थालाई सुनिश्चित गर्नुपर्ने ।

१५. राहदानी र सवारी चालक अनुमति पत्र लगायतका अन्य आवश्यक नागरिक सेवाहरू वितरण गर्ने प्रक्रिया अहिलेसम्म पनि झन्झटिलो छ । साथै यस्ता सेवा प्राप्त गर्न अझै पनि लामो समयसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । यस्ता प्रकृतिका सेवा प्रवाहलाई छिटो छरितो, सहज र प्रभावकारी बनाउन सम्बद्ध निकायहरूमा विद्युतीय अभिलेख तथा स्वचालित विद्युतीय प्रणालीको स्थापना गरी कार्यान्वयन गर्नुपर्ने र सम्बद्ध निकायहरूबीच इ-नेटवर्किङ निर्माण गरी प्रक्रियागत सरलीकरण गर्नुपर्ने ।

१६. देशको प्रवेश विन्दुको रूपमा रहेका अध्यागमन कार्यालयहरू राष्ट्रको छवी दर्शाउने पहिलो परिचायक हुन् । त्यसैले अध्यागमन प्रणालीलाई सहज, सुविधाजनक र आकर्षक बनाउन र अध्यागमनबाट उपलब्ध गराइने सेवालाई चुस्त, गुणस्तरीय र प्रभावकारी बनाउन अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक सफ्टवेयरको प्रयोगमा जोड दिनुपर्ने । साथै अध्यागमन कार्यालयहरूमा अंग्रेजी भाषाको ज्ञान भएका र व्यावसायिक रूपमा कुशल कर्मचारीहरूको पदस्थापना गर्न जोड दिनुपर्ने र कार्यरत कर्मचारीहरूको व्यावसायिक सीप र दक्षता अभिवृद्धि गर्न उपयुक्त व्यवस्था गर्नुपर्ने ।

१७. आन्तरिक तथा बाह्य यात्रुमा भएको वृद्धि तथा हवाई जहाजहरूको संख्यात्मक बढोत्तरीका कारण नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल अत्यधिक चापमा सञ्चालन भइरहेको छ । यात्रीहरूका लागि आवश्यक न्यूनतम सुविधा, सरसफाइ, जहाज पार्किङ स्थल, एकल रनवे जस्ता कारणले अत्यन्त साँघुरो र असुरक्षित रहेको अवस्था कायमै छ । यस सन्दर्भमा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको शीघ्र निर्माण अत्यन्त जरुरी भइसक्दा पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि हालसम्म भएका कामकारबाही अत्यन्त धीमा र लगभग शून्य गतिमा रहेका छन् । अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न लामो समय लाग्ने र ठूलो वित्तीय दायित्व समेत पर्ने हुँदा उच्च सक्रियताका साथ वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अविलम्ब शुरु गरी द्रुतगतिमा अघि बढाउनुपर्ने । यसका अतिरिक्त काठमाडौं निजगढको द्रुतमार्ग निर्माणलाई तीव्रता दिनुपर्ने र भैरहवा एवम् पोखरामा क्षेत्रीयस्तरका विमानस्थलहरूको निर्माण कार्यलाई अविलम्ब शुरु गरी समयमा नै सम्पन्न हुने व्यवस्था गर्नुपर्ने । नेपाल वायु सेवा निगमको संस्थागत क्षमता विकास गरी निगमलाई प्रतिस्पर्धात्मक रूपमा गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउनुपर्ने ।

१८. समाजका वृद्ध, असहाय, अशक्त, अपांग, दलित तथा सामाजिक र आर्थिक रूपमा कमजोर व्यक्तिहरूको संरक्षणका लागि राज्यले छुट्याएको सुरक्षा भत्ताहरू यथोचित रूपमा लक्षित वर्गसम्म पुग्न सकेको छैन । यस्तो सहुलियतलाई लक्षित वर्गसम्म पुर्‍याउन र दुरुपयोग हुन नदिन लाभग्राहीहरूको यथार्थ लगत विवरण तयार गरी नियमित रूपमा अद्यावधिक गर्नुपर्ने र यस्तो भत्ता तथा सुविधाको रकम वितरण गर्ने प्रक्रियालाई पारदर्शी, सरल र प्रभावकारी तुल्याउन थप व्यवस्था गर्नुपर्ने ।

१९. प्रत्येक सार्वजनिक निकायहरूबाट प्रवाह गरिने सेवाका सम्बन्धमा नागरिक बडापत्र तयार गरी कार्यालयमा टाँसिने गरेको भए पनि बडापत्रको मर्म अनुरूप त्यसको कार्यान्वयन

प्रभावकारी हुन सकेको छैन । त्यसैले नागरिक बडापत्रको पुनरावलोकन गर्नुपर्ने भए आवश्यकता अनुसार पुनरावलोकन समेत गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्ने र कार्यान्वयन भए नभएको विषयमा निरन्तर अनुगमन गर्ने पद्धतिको विकास गर्नुपर्ने ।

२०. सार्वजनिक निकायहरूमा आन्तरिक व्यवस्थापन र नियन्त्रण प्रणाली कमजोर हुँदा ती निकायहरूबाट निर्धारित समयमा नतिजामूलक कार्यसम्पादन हुन सकेको देखिंदैन । त्यसैले प्रत्येक सार्वजनिक निकायहरूमा कार्यरत कर्मचारी र पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्न उपयुक्त कार्यसम्पादन व्यवस्थापन प्रणालीको विकास गर्नुपर्ने, सरकारी निकायहरूमा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउँदै लैजानुपर्ने र कार्यसम्पादन मूल्यांकनलाई वस्तुगत र प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

२१. स्थानीय निकायहरूमा लामो समयदेखि निर्वाचित जनप्रतिनिधिहरू नरहेको हुँदा ती निकायहरूको कार्यसञ्चालन निजामती कर्मचारीहरूद्वारा हुँदै आएको छ । यसक्रममा गाउँ विकास समितिका सचिवहरूको कार्यबोझ र जिम्मेवारी अत्यधिक र अस्वाभाविक रहेको देखिएको छ । एउटै गाउँ विकास समितिका सचिवले धेरै गाउँ विकास समितिहरूको कार्यसञ्चालनको अभिभारा बहन गर्नुपरेको छ भने स्थानीय निकायमा कार्यरत कर्मचारीहरूमा समयानुकूल दक्षता र तालिमको अभाव छ । यस्तो अस्वाभाविक कार्यबोझलाई न्यूनीकरण गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन त्यस्ता निकायहरूमा उपयुक्त दरबन्दी संरचना र पर्याप्त जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

२२. सार्वजनिक सेवा प्रवाह गर्ने उद्देश्य रहेका केन्द्रदेखि स्थानीय तहसम्मका सरकारी निकायहरूमा हालसम्म पनि निकै पुरानो संगठन संरचना कायम रहकाले परिवर्तित सन्दर्भमा चुस्त सेवा प्रवाह गर्न समस्या भएको देखिन्छ । जनसंख्या वृद्धि, सार्वजनिक सेवा प्रवाहमा उत्पादकत्वप्रतिको बढ्दो चासो, आधुनिक प्रविधिको विकास र नागरिक सशक्तीकरणका कारणले पनि मौजुदा संगठन संरचनालाई पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यसका लागि नयाँ कार्यालय स्थापना गर्ने वा थप दरबन्दी सिर्जना गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहने सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले आधारभूत नागरिक सेवा प्रवाह गर्ने केन्द्रीय वा स्थानीय निकायहरूमा जनशक्तिको अभाव हुन नदिन संगठन तथा व्यवस्थापन सर्वेक्षणमा स्वीकृति दिने नीतिलाई लचिलो बनाउनुपर्ने । साथै नयाँ स्थापना भएका कार्यालयहरूलाई समयमै आवश्यक स्रोत साधनको व्यवस्था गर्नेतर्फ पनि संवेदनशील हुनुपर्ने । त्यसैगरी विद्यमान प्रशासनिक संरचना अन्तर्गतका विभाग, क्षेत्रीय कार्यालय र डिभिजन कार्यालयहरूको भूमिका र कार्यक्षेत्र पुनरावलोकन गरी प्रभावकारी बनाउनेतर्फ आवश्यक व्यवस्था गर्नुपर्ने ।

२३. नागरिकहरूको बढी सरोकार हुने नापी, मालपोत, जिल्ला प्रशासन, यातायात, वैदेशिक रोजगार र भन्सार लगायतका निकायहरूमा विचौलियाहरूको उपस्थितिबाट सेवाग्राहीहरू प्रताडित हुने गरेका छन् । खासगरी विचौलियाहरूको नियमन र व्यवस्थापन प्रभावकारी हुन नसक्दा सेवाग्राहीले अतिरिक्त सेवा शुल्क तिर्नुपरेको र सेवा प्रवाहमा अनावश्यक तह थपिन गई जटिलता सिर्जना भएको छ । यसर्थ यस्ता कार्यालयहरूको सेवा सरल र सहज रूपमा प्राप्त गर्न सेवा प्रवाहसम्बन्धी कार्यविधिलाई सरलीकरण गर्नुपर्ने र विचौलियारहित सेवा प्रवाह गर्न उपयुक्त व्यवस्था गर्नुपर्ने ।

२४. जलविद्युत् उत्पादन, उद्योग तथा खानी सञ्चालन र गिट्टी, ढुंगा, बालुवा निकासी गर्ने कार्यमा अनुमति पत्र लिई लामो समयसम्म कार्यसम्पादन नगर्ने प्रवृत्ति बढेर गएको छ ।

यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न अनुमति पत्र वितरण गर्ने र ठेक्का लगाउने प्रक्रियालाई पारदर्शी बनाई प्रतिस्पर्धात्मक रूपमा सबैले सहभागी हुन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्ने र विद्यमान कानुनको परिपालनालाई प्रभावकारी तुल्याउनुपर्ने ।

२५. औद्योगिक विकासका माध्यमबाट निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्न तुलनात्मक लाभ र प्रतिस्पर्धाका क्षेत्रहरू पहिचान गरी स्वदेशी र वैदेशिक लगानीको प्रवर्द्धन गर्न नीतिगत र प्रक्रियागत सुधार गर्न आवश्यक देखिएको छ। यसका लागि क्षमता र सम्भावनाका आधारमा उद्योग व्यवसाय दर्ता हुने परिपाटी स्थापित गर्नुपर्ने, उद्योग व्यवसायको दर्ता एवम् नवीकरण प्रक्रियालाई थप सरलीकरण गर्नुपर्ने, उद्योग व्यवसायलाई उपलब्ध गराउने सेवा सुविधामा एकरूपता कायम हुने गरी मापदण्ड तर्जुमा गरी लागू गर्नुपर्ने र औद्योगिक करिडोर र विशेष आर्थिक क्षेत्रका लागि औद्योगिक पूर्वाधारको निर्माणमा जोड दिनुपर्ने। त्यसैगरी उद्योग विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरी ती निकायहरूबाट सम्पादन हुने सेवालाई व्यवसायी-मैत्री, प्रभावकारी र नतिजामुखी बनाउनुपर्ने ।

२६. देशमा पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि यसको विकासले खासै गति लिन सकेको छैन र पर्यटन क्षेत्रबाट मुलुकको राष्ट्रिय विकासमा अपेक्षित योगदान पुग्न सकेको पनि छैन । पर्यटन उद्योगको विकासका लागि विशेषगरी यसका पूर्वाधारहरूको विकास गर्न जोड दिनुपर्ने र सम्बद्ध निकायहरूबीच समन्वयात्मक रूपमा काम गर्ने परिपाटी बसाल्नुपर्ने । खासगरी पशुपति, लुम्बिनी, जनकपुरधाम, गढीमाई, खप्तड मुक्तिनाथ, बडिमालिका लगायतका धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण र विकासका लागि ठोस नीति र कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने । त्यसैगरी पोखरा लगायतका देशका विभिन्न भागमा रहेका तालतलैयाहरूको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न तिनको संरक्षण र उपयोग सम्बन्धी नीति तर्जुमा गरी तालतलैया संरक्षण र प्रवर्द्धन गर्ने कार्यलाई चुस्त र प्रभावकारी बनाउनुपर्ने ।

२७. उद्योग, व्यापार र व्यावसायिक क्रियाकलापहरूमा सीमित व्यक्ति वा फर्महरूको मात्र बर्चस्व रहँदै आएको देखिन्छ । यसबाट वस्तु वा सेवाको उत्पादन, परिवहन र वितरणमा एकाधिकार कायम भई उपभोक्ताले चर्को मूल्यमा न्यून गुणस्तरको वस्तु र सेवा प्रयोग गर्नुपर्ने बाध्यता सिर्जना भएको छ। सार्वजनिक यातायात र ढुवानी लगायतका अन्य व्यवसायमा देखिएको एकाधिकार, सिण्डीकेट र कार्टेलिङ जस्ता प्रवृत्तिले प्रतिस्पर्धात्मक वातावरणमा व्यवसाय गर्न पाउने नागरिक हक कुण्ठित भएको छ। त्यसैले व्यावसायिक र आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पार्ने यस्तो प्रवृत्तिलाई निरुत्साहित र नियन्त्रण गर्न प्रचलित कानुनले दिएका अधिकारको प्रयोगमा कडाइ गर्दै कानुनको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने ।

२८. व्यावसायिक क्षमता कमजोर भई निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्षम नभएका वा लामो समयसम्म बन्द भई सञ्चालनमा नरहेका र यन्त्र उपकरण समेत प्रयोगमा आउने अवस्था नभएका सार्वजनिक संस्थानहरूमा ठूलो सरकारी लगानी गरी पुनः सञ्चालनमा ल्याउनु सान्दर्भिक हुँदैन। यस्ता संस्थानहरूले सरकारलाई ठूलो आर्थिक भार पर्ने र त्यस्ता संस्थानहरूले मुलुकको आर्थिक विकासमा खास टेवा पुऱ्याउन सक्ने पनि देखिंदैन । त्यसैले यस्ता सार्वजनिक संस्थानहरू निजी क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गराउने गरी व्यवस्था गर्न आवश्यक प्रबन्ध गर्नुपर्ने ।

२९. बोर्ड, समिति, परिषद् जस्ता नियमन र नियन्त्रणकारी स्वायत्त निकायहरूमा बर्सेनि ठूलो धनराशि विनियोजन हुने गरेको छ। यद्यपि, त्यस्ता निकायहरूले सम्बन्धित नियमन

निकायको स्वीकृति समेत नलिई आफ्नो अनुकूलता अनुसार फरक फरक मापदण्डका आधारमा विनियमावलीहरू तयार गरी कार्यसञ्चालन गर्ने गरेको देखिएको छ । यस्तो परिपाटीबाट ती निकायहरूको खर्चमा एकरूपता, मितव्ययिता र प्रभावकारिता आउन सकेको छैन । त्यसैले त्यस्ता निकायहरूको विनियमावलीमा समावेश गर्नुपर्ने न्यूनतम आधारभूत विषयहरूमा समानता हुने गरी मापदण्ड निर्धारण गरी विनियमावली तर्जुमा र कार्यान्वयन गर्न र कार्यान्वयनको अनुगमनलाई प्रभावकारी बनाउन समेत आवश्यक व्यवस्था गर्नुपर्ने ।

३०. राजस्व परिचालनका क्षेत्रमा न्यून बिजकीकरण गर्ने तथा मूल्य अभिवृद्धि करको बिल, बिजक जारी नगर्ने र राजस्व ठगी गर्ने प्रक्रिया पूर्णतः नियन्त्रण हुन सकेको छैन । कतिपय करयोग्य व्यापार व्यवसायीहरू करको दायरामा आउन सकेका पनि छैनन् । त्यसैले न्यून बिजकीकरण नियन्त्रण, भन्सार तथा मूल्य अभिवृद्धि कर छली नियन्त्रण र करको दायरा विस्तार गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न ठूला करदाता कार्यालय प्रकृतिको एक छुट्टै संयन्त्र स्थापना गरिनुपर्ने । त्यसैगरी कतिपय सुर्तीजन्य व्यवसाय र अन्य उद्योग व्यवसायहरू समेत दर्ता नै नगरी सञ्चालन हुने गरेको पाइएकाले अन्तःशुल्क एवम् अन्य कर राजस्व छलीसम्बन्धी समस्याको समाधानका लागि कर प्रणाली र कर प्रशासनमा आवश्यक सुधार गरिनुपर्ने ।

३१. मुलुकमा ठूलो संख्यामा रहेका सहकारी संस्थाहरूमा सर्वसाधारण नागरिकहरूको बचतको रूपमा ठूलो रकम सञ्चित भएको देखिन्छ । तर यस्ता सहकारी संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि दीर्घकालीन र प्रभावकारी नीति नहुँदा सहकारी संस्थाहरूको अनुगमन चुस्त र प्रभावकारी हुन सकेको छैन । यसबाट सर्वसाधारणको बचत रकम पनि उच्च जोखिममा पर्दै गइरहेको छ । यस क्रममा सहकारी संस्थाहरूबाट सर्वसाधारण नागरिकहरू ठगिएका घटनाहरू नियमित रूपमा सार्वजनिक हुँदै आएका पनि छन् । यस्तो जोखिम र विकृतिलाई नियन्त्रण गर्न सहकारी संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि दीर्घकालीन नीति तय गरी नियमन तथा अनुगमनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनु पर्ने । साथै सहकारी संस्थाहरूको व्यवस्थापनका सम्बन्धमा गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिसहरूलाई मनन गरी उपयुक्त सुझावहरू कार्यान्वयन गर्न उपयुक्त हुने । त्यसका अतिरिक्त सर्वसाधारण नागरिकहरूको सञ्चितिको सुरक्षा र सहकारीको उद्देश्य परिपूर्ति हुने गरी सहकारी संस्थाहरूको गठन, सञ्चालन एवम् तिनको अनुगमन र नियमनलाई प्रभावकारी तुल्याउने सम्बन्धमा थप व्यवस्था गर्न एक उच्चस्तरीय कार्यदल बनाई अध्ययन गराउनुपर्ने ।

३२. नगरपालिका तथा नगरोन्मुख गाउँ विकास समितिहरूमा शहरी पूर्वाधारहरूको निर्माण गर्दा सम्बद्ध निकायहरूबीच समन्वय हुन नसकी काममा दोहोरोपना र कतिपय अवस्थामा काममा बाधा समेत सिर्जना हुने गरेको छ । विभिन्न शहरी क्षेत्र र नगरपालिकाहरूमा सडक, खानेपानी, ढल, विद्युत्, टेलिफोन र यातायात व्यवस्थापन लगायतका पूर्वाधारहरूको निर्माण गर्दा समन्वयात्मक ढङ्गले निर्माण कार्यलाई छरितो, गुणस्तरीय र दिगो बनाउन अत्यावश्यक छ । यसका लागि पूर्वाधारहरूको निर्माणसम्बन्धी कार्य गर्दा सम्बन्धित निकायहरूले एकीकृत कार्यान्वयन कार्ययोजना तयार गरी कार्यसम्पादन गर्ने पद्धतिको विकास गर्नुपर्ने ।

३३. काठमाडौं उपत्यकामा सवारी साधनको अत्यधिक चाप बढ्दै गएको तर पार्किङस्थल लगायतका सुविधाको उचित व्यवस्था हुन नसक्दा सवारी आवागमन प्रभावित हुने गरेको

छ। साथै उपत्यका लगायत अन्य शहरी क्षेत्रहरूमा पुराना सार्वजनिक यातायातका साधनहरूको प्रयोगका कारण एकातिर वातावरणीय प्रदूषण बढ्दै गएको छ भने अर्कोतिर सर्वसाधारण नागरिकको यात्रा पनि जोखिमपूर्ण बन्दै गएको छ। त्यसैले काठमाडौं उपत्यकामा चल्दै आएका धेरै पुराना सवारी साधनहरूलाई एक पटकका लागि निश्चित सुविधा वा सहुलियत दिई विस्थापित गर्नुपर्ने। उपत्यकाको ट्राफिक चापलाई कम गर्न नदी किनारहरूबाट लिङ्करोड निर्माण गर्नुपर्ने र सवारीको बढी चापहुने क्षेत्रहरुमा फ्लाइओभर निर्माणमा जोड दिने। साथै उपत्यका लगायतका प्रमुख शहरी क्षेत्रहरूमा सवारी साधनको चापलाई कम गर्न बढी यात्रु बहन क्षमता भएका ठूला र वातावरणमैत्री सार्वजनिक सवारी साधनहरूको प्रयोगलाई बढावा दिने खालको नीति ल्याउन उपयुक्त हुने।

३४. मुलुकको केन्द्रदेखि स्थानीयस्तरसम्म छरिएर रहेका सरकारी निकायहरूले सम्पादन गर्ने गरेका कार्यहरूको सुपरीवेक्षण र अनुगमनसम्बन्धी काम प्रभावकारी हुन सकेको छैन। यसले गर्दा ती निकायका काम कारबाहीहरू नतिजामुखी हुन सकेका पनि छैनन्। विकास कार्यक्रम र आयोजनाहरूको अनुगमन तथा मूल्यांकनसम्बन्धी कार्यले कम महत्व पाउने गरेको देखिन्छ र यसका लागि पर्याप्त बजेट व्यवस्था समेत गर्ने गरिएको पाइँदैन। यसले गर्दा सरकारी निकायबाट सम्पादित कामको अनुगमन कागजी रूपमा मात्र सीमित रहेको देखिन्छ। त्यसैले विकास निर्माण र सेवा प्रवाहसम्बन्धी विषयको अनुगमन र मूल्यांकनलाई परिणाममुखी बनाउन यसका वस्तुगत आधारहरू तयार गरी जिम्मेवार निकायले सुपरीवेक्षण र अनुगमनलाई सशक्त र प्रभावकारी बनाउनुपर्ने तथा प्रत्येक सरकारी निकायले अनुगमन र मूल्यांकनसम्बन्धी कार्यलाई उच्च प्राथमिकता दिई काम गर्ने व्यवस्था हुनुपर्ने।

३५. कर्मचारीका ट्रेड युनियनहरू पेशागत र व्यावसायिक हकहित भन्दा कर्मचारीहरूको सरुवा र पदस्थापना जस्ता विषयहरूमा केन्द्रित हुँदा कतिपय सन्दर्भमा प्रशासनिक निर्णय गर्न र निर्णयको कार्यान्वयनमा समेत बाधा उत्पन्न हुने गरेको गुनासो छ। त्यसैले ट्रेड युनियनलाई पेशागत र व्यावसायिक हित तथा सार्वजनिक प्रशासन र सेवा प्रवाह सुधारका क्षेत्रमा प्रभावकारी परिचालन गर्न विद्यमान बहु ट्रेड युनियनको सट्टा आधिकारिक एकल ट्रेड युनियनको निर्वाचन अविलम्ब गर्ने व्यवस्था हुनुपर्ने।

३६. नागरिक सेवा प्रवाहको प्रमुख संयन्त्रको रूपमा रहने कर्मचारीतन्त्र मुलुकको स्थायी सरकार हो। यसमा समयानुकूल व्यावसायिक दक्षता आउन नसक्दा समग्र सार्वजनिक प्रशासन नतिजामुखी हुन सकेको छैन। त्यसैगरी कर्मचारीतन्त्रको सञ्चालन र व्यवस्थापनका लागि वस्तुगत योजना बनाई लागू गर्ने पद्धतिको विकास नहुँदा नेपालको कर्मचारीतन्त्र अनुत्पादक र खर्चिलो भएको गुनासाहरू पनि सुनिने गरेका छन्। त्यसैले कर्मचारीतन्त्रलाई उत्तरदायी, छिटो छरितो र नतिजामुखी तुल्याउन र कर्मचारीको तलब भत्ता लगायतका सुविधाहरूमा समयसापेक्ष पुनरावलोकन गरी जीवन निर्वाहका लागि पर्याप्त बनाउन विभिन्न समयमा गठित प्रशासन सुधार आयोगले दिएका सुझावहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

३७. विभिन्न मुलुकहरूमा रहेका नेपाली दूतावास र नियोगहरू आर्थिक कूटनीतिको दिशामा खासै सशक्त हुन सकेका छैनन् र अहिले पनि परम्परागत जिम्मेवारी निर्वाह गर्ने काममा मात्रै सीमित छन्। यसबाट दूतावासहरूले मुलुकमा वैदेशिक लगानी भित्र्याउन वा औद्योगिक र आर्थिक क्रियाकलापहरू विस्तार गराउन देशमा विद्यमान सम्भावनाका क्षेत्रहरूलाई विदेशी लगानीकर्ताहरूबीच यथोचित रूपमा उजागर गराउन सकेका छैनन्। त्यसका अतिरिक्त वैदेशिक रोजगारीको सम्भावना भएका क्षेत्रहरू पहिचान र विस्तार गर्ने तथा सुरक्षित

गन्तव्य पहिचान गरी वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरूका लागि अवसर उपलब्ध गराउने क्षेत्रमा पनि नियोग र दूतावासहरूको भूमिका खासै प्रभावकारी हुन सकेको छैन। त्यसैले विदेशस्थित नियोग तथा दूतावासहरूको कार्य विवरण पुनरावलोकन गरी उनीहरूलाई आर्थिक कूटनीतिको क्षेत्रमा केन्द्रित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने।

३८. हाम्रा कतिपय सामाजिक र सांस्कृतिक व्यवहारहरूले समेत भ्रष्टाचार र अनियमित कार्यलाई प्रश्रय दिने गरेका छन्। अत: मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्न सामाजिक मूल्य मान्यता, व्यवहार र संस्कारमा पनि समयानुकूल सुधार हुनु आवश्यक हुन्छ। त्यसैले पुरातन सामाजिक र सांस्कृतिक मूल्य मान्यताहरूलाई कायम राख्दै सामाजिक व्यवहार र आचरणमा सुधार ल्याउन सामाजिक व्यवहार सुधार ऐनमा संशोधन गरी सो को प्रभावकारी कार्यान्वयन र अनुगमन हुनुपर्ने।

३९. सार्वजनिक जग्गाका साथै विभिन्न मठ मन्दिर, धार्मिकस्थल र गुठीको नाममा रहेका जग्गाहरूको अतिक्रमण दिनानुदिन बढेर गएको छ। त्यस्ता जग्गाहरूको संरक्षण गर्न सार्वजनिक, पर्ती र धार्मिक संगठनका नाउँमा रहेका जग्गाहरूको लगत यकिन गरी अभिलेख तयार गर्नुपर्ने। साथै त्यस्ता जग्गाहरूमा अतिक्रमण गरी अनधिकृत रूपमा बसोबास गरेको भए अविलम्ब हटाई संरक्षणका लागि उचित व्यवस्था गर्नुपर्ने। सुकुम्बासी समस्या समाधानका नाउँमा पटक पटक आयोग र कार्यदल गठन भए पनि दीर्घकालीन रूपमा सुकुम्बासी समस्या समाधान हुनसकेको छैन। यसका लागि रावल आयोगका साथै अन्य आयोग र कार्यदलहरूले दिएका सुझावहरूको कार्यान्वयनमा जोड दिनुपर्ने। त्यसैगरी सुकुम्बासीहरूलाई जग्गा वितरण गर्दा वन क्षेत्र अतिक्रमण नहुने गरी वनक्षेत्र बाहेकको जग्गा वितरण गर्ने स्पष्ट नीति तयार गर्नुपर्ने। साथै अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गरी वास्तविक सुकुम्बासी पहिचान गर्ने र सुकुम्बासी समस्याको दीर्घकालीन समाधान गर्नेतर्फ आवश्यक व्यवस्था हुनुपर्ने।

४०. सामाजिक आर्थिक रूपान्तरण र विकासको संवाहकको रूपमा मुलुकभित्र ठूलो संख्यामा गैरसरकारी संस्थाहरू कार्यरत रहेका र ती संस्थाहरूमार्फत ठूलो रकम परिचालन भइरहेको छ। तर गैरसरकारी संस्थाहरूको नियमन र व्यवस्थापन प्रभावकारी हुन नसक्दा अपेक्षित नतिजा भने हासिल हुन सकेको छैन। यसर्थ गैरसरकारी संस्थाहरूको नियमन र व्यवस्थापनका लागि एकद्वार नीति लागू गर्नुपर्ने। साथै समाज कल्याण परिषद्लाई राजनीतिक प्रभावबाट मुक्त राखी यसको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने र परिषद्को भूमिकालाई प्रभावकारी बनाई गैरसरकारी संस्थाहरूको पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्दै प्राथमिकताका क्षेत्रमा परिचालन गर्न आवश्यक व्यवस्था गर्नुपर्ने।

अन्तमा, आयोगलाई सुम्पिएको जिम्मेवारी र दायित्व निर्वाह गर्ने क्रममा आवश्यक स्रोत साधन उपलब्ध गराउनुका अतिरिक्त अन्य विविध किसिमले सहयोग गर्दै आएकोमा नेपाल सरकारप्रति आयोग आभार व्यक्त गर्दछ। त्यसैगरी आयोगको कार्यसम्पादनमा सहयोग पुऱ्याउने युएनडिपी लगायत अन्य सवै निकाय, क्षेत्र र व्यक्तिहरुप्रति हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत आयोगले सबै पक्षबाट रचनात्मक सहयोगको अपेक्षा राखेको छ।